जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com


जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक १३१ • २०८३ साल आश्विन १२ गते सोमबार (28 September, Monday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## धनुषा कांग्रेस पालिका अधिवेशन विवादमा

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा नेपाली कांग्रेसको पालिका अधिवेशन जारी छ । सो क्रममा नेपाली कांग्रेस धनुषाका सभापति योगेन्द्र पँजियारले मनोमानी गर्दा अधिकांश नेता तथा कार्यकर्ताहरु इतर समूहमा आकर्षित भएका छन् ।



धनुषाको क्षीरेश्वरनाथ नगरपालिकामा भएको पालिका अधिवेशनमा योगेन्द्र पँजियारले मनोमानी गर्दा इमान्दार नेता तथा कार्यकर्ताहरु कांग्रेस इतर समूहतर्फ आकर्षित भइरहेका छन् ।

त्यस्तै नेपाली कांग्रेस धनुषा क्षेत्र नं. ४ अन्तर्गत जनकपुरधाम उपमहानगरपालिका-२ मा सम्पन्न वडा अधिवेशनसमेत विवादमा परेको छ । अधिवेशन निर्धारित प्रक्रिया पूरा नगरी एकलौटी ढंगबाट सम्पन्न गरिएको भन्दै पार्टी नेतृत्वसमक्ष छानबिन र आवश्यक निर्णयका लागि निवेदन परेको छ ।

पार्टीका सम्बन्धित कार्यकर्ता तथा सदस्यहरूले दिएको निवेदनमा वडा अधिवेशनमा पार्टीको विधान, निर्वाचन निर्देशिका तथा केन्द्रीय निर्वाचन समितिले तोकेको प्रक्रियाको पालना भए-नभएको यकिन गर्न माग गरिएको छ। निवेदनमा क्रियाशील सदस्यहरूको सहभागिता, निर्वाचन प्रतिनिधिको उपस्थिति तथा निर्वाचन प्रक्रियाको वास्तविक अवस्थाबारे छानबिन गर्न आग्रह गरिएको छ ।

वडा अधिवेशनको क्रममा समेत सम्बन्धित पार्टीका क्रियाशील सदस्य तथा सरोकारवालाहरूको सहभागिता सुनिश्चित नभएको र निर्धारित प्रक्रिया पूरा नगरी अधिवेशन सम्पन्न गरिएको आरोप लगाइएको छ । यस्ता विषयले पार्टीको आन्तरिक लोकतान्त्रिक अभ्यास र आगामी तहका अधिवेशनमा समेत विवाद उत्पन्न हुनसक्ने भन्दै निष्पक्ष छानबिन आवश्यक रहेको उल्लेख गरिएको छ ।

उजुरीकर्ताहरूले छानबिनबाट प्रक्रिया पूरा नभएको पुष्टि भए सम्बन्धित वडा अधिवेशनलाई आवश्यक प्रक्रिया पूरा गरी पुनः सम्पन्न गर्न माग गरेका छन्। साथै आगामी अधिवेशनहरूमा यस्ता विवाद दोहोरिन नदिन निर्वाचन अधिकृत तथा सम्बन्धित पार्टी संरचनालाई स्पष्ट निर्देशन दिन पनि आग्रह गरिएको छ ।

पत्रमा सम्बन्धित निकायलाई घटनाको तथ्यगत छानबिन गरी पार्टीको विधान र निर्वाचनसम्बन्धी प्रचलित व्यवस्थाअनुसार आवश्यक निर्णय लिन अनुरोध गरिएको छ ।

### अविरल वर्षाले जनधनमा क्षति

## मधेशमा सयौँ घर डुबानमा, देशभरमा १३ जनाको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । पछिल्लो केही दिनदेखि मधेशसहित देशका विभिन्न क्षेत्रमा भइरहेको अविरल वर्षा, बाढी, डुबान, पहिरो तथा हावाहुरीका कारण जनजीवन प्रभावित हुनुका साथै ठूलो मात्रामा जनधनको क्षति भएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाए अनुसार असोज ८ गतेदेखि असोज ११ गतेसम्मको अवधिमा बाढी, पहिरो र भारी वर्षाका कारण देशभर कम्तीमा १३ जनाको मृत्यु भएको छ भने सात जना अझै सम्पर्कविहीन छन् । पछिल्लो २४ घण्टामै छ जनाको मृत्यु भएको प्राधिकरणले जनाएको छ ।

मधेश प्रदेशमा भने पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा र सप्तरीका विभिन्न क्षेत्रमा वर्षा र हावाहुरीले घर, गोठ तथा अन्य भौतिक संरचनामा क्षति पुऱ्याएको छ । विभिन्न जिल्लामा ३०० भन्दा बढी घर डुबानमा परेको प्रारम्भिक विवरण छ ।

धनुषाको मिथिला नगरपालिका-११ मा पर्ने आँपगाछीमा पहिरोले राजन श्रेष्ठको घर पुर्दिँदा करिब ३५ वर्षीया कमला श्रेष्ठको मृत्यु भएको छ । घटनामा चार जनाको सकुशल उद्धार गरिएको प्रहरीले जनाएको



छ। उनको शव पोस्टमार्टमका लागि सरकारी अस्पताल बर्दिबास पठाइएको छ ।

सप्तरीमा डुबानको समस्या अझ गम्भीर देखिएको छ । तिलाठी कोइलाडी गाउँपालिका, हनुमाननगर कंकालिनी नगरपालिका तथा आसपासका क्षेत्रमा करिब २५० घर डुबानमा परेका छन् । कोशी बाँधको दक्षिणतर्फ हनुमाननगर कंकालिनी नगरपालिकाका विभिन्न वडामा मात्रै करिब २०० घरमा बाढीको पानी पसेको प्रहरीले जनाएको छ ।

पर्साको ठोरीमा हावाहुरीले टिनको छानो उडाउँदा घरमा ठूलो क्षति पुगेको छ भने बाराको कलैयामा घरको गारो तथा छाना आंशिक रूपमा क्षतिग्रस्त भएको छ । त्यस्तै रौतहटका राजपुर, कटहरिया, मौलापुर र गरुडा क्षेत्रमा घर तथा गोठमा क्षति पुगेको छ । सर्लाहीमा कच्ची घर, गोठ तथा अन्य संरचनामा आंशिक तथा पूर्ण क्षति भएको छ । महोत्तरीको मनरा शिसवा-१ मा बाँस र फुसले बनेको घर भासिएपछि परिवार बस्न नसक्ने अवस्थामा पुगेको छ ।

त्यस्तै धनुषाको कमला नदी क्षेत्रमा स्थानीयवासीलाई प्रहरीले माइकिंग गरी खोला किनारमा घर बनाएर बसोबास गरिरहेका स्थानीयवासीलाई अन्यत्र बसोबास गर्नका लागि आग्रह गरेका छन् ।

त्यसैगरि गण्डकी प्रदेशमा पछिल्ला तीन दिनको वर्षापछि आएको बाढी, पहिरो र डुबानबाट ११ जनाको मृत्यु, चार जना घाइते र चार जना बेपत्ता भएको प्रारम्भिक विवरणमा उल्लेख गरिएको छ । ४१९ घरधुरीका १ हजार ४५१ जना विस्थापित भएका छन् भने १७९ घर पूर्णरुपमा क्षतिग्रस्त भएको छ भने २६ घर आंशिक रूपमा क्षतिग्रस्त भएका छन् । त्यस्तै पर्वतको जलजला गाउँपालिका-८ मा कालीगण्डकी नदी बस्तीमा पस्दा २५ घर बगेका छन् ।

त्यस्तै देशका विभिन्न प्रभावित क्षेत्रमा सुरक्षाकर्मी तथा स्थानीय तहले उद्धार, राहत वितरण र क्षतिको विवरण संकलन गरिरहेका छन् । नवलपरासी क्षेत्रमा मात्रै १ हजार १०० भन्दा बढी मानिसलाई जोखिमबाट सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । जोखिमयुक्त क्षेत्रमा माइकिङ, गस्ती तथा सचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेका छन् ।भ

मौसम पूर्वानुमानअनुसार केही क्षेत्रमा अझै वर्षा जारी रहन सक्ने भएकाले नदीको बहाव बढ्ने तथा बाढी, डुबान र पहिरोको जोखिम कायम रहेको अधिकारीहरूले बताएका छन् । क्षतिको पूर्ण विवरण भने उद्धार तथा स्थलगत मूल्यांकनपछि मात्र यकिन हुने बताइएको छ ।

## स्वास्थ्य उपकरण खरिदको अनियमितता बारे छानबिन समिति गठन गर्न निर्देशन

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा पछिल्ला सात वर्षमा स्वास्थ्य सामग्री तथा उपकरण खरिदका क्रममा ठूलो रकम अनियमितता भएको भन्दै परेको उजुरीमाथि छानबिन गर्न प्रदेश सरकारले प्रक्रिया थालेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सात दिनभित्र छानबिन समिति गठन गरी प्रतिवेदन पेस गर्न निर्देशन दिएको हो ।




मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव शोभाकान्त पौडेलले स्वास्थ्य मन्त्रालयलाई पत्र पठाउँदै प्रदेश आपूर्ति केन्द्र, प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला र स्वास्थ्य निर्देशनालयबाट विगत सात वर्षमा भएका स्वास्थ्य सामग्री तथा उपकरण खरिदको छानबिन गर्न निर्देशन दिएको बताइएको छ ।

मुख्यमन्त्री कार्यालयमा परेको उजुरीमा ती निकायबाट लामो समयदेखि सीमित आपूर्तिकर्तासँग मिलेमतो गरी खरिद प्रक्रिया अघि बढाइएको आरोप लगाइएको छ । उजुरीमा एउटै परिवारका सदस्यको नाममा सञ्चालित विभिन्न फर्ममार्फत टेण्डरमा प्रतिस्पर्धा देखाएर ठेक्का हात पार्ने गरिएको र त्यसबाट वार्षिक करिब २५ करोड रुपैयाँसम्म अनियमितता भएको दाबी गरिएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारी रोहित कोइरालाले स्वास्थ्य सामग्री र उपकरण खरिदमा मिलेमतो गरी अनियमितता गरिएको भन्ने उजुरी परेपछि मन्त्रालयलाई छानबिन समिति गठन गर्न निर्देशन दिइएको जनाएका छन् । उनका अनुसार उजुरीमा प्रदेश अन्तर्गतका स्वास्थ्य आपूर्ति केन्द्र र प्रयोगशालामा भएका खरिदको निष्पक्ष छानबिन गरी दोषी देखिए कारबाही गर्न माग गरिएको हो ।

उक्त उजुरी २०८३ असोज ७ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा दर्ता भएको हो। उजुरीको दर्ता नम्बर ११२९ रहेको छ। यसको बोधार्थ अख्तियार दुरुपयोग अनुसन्धान आयोग र संघीय संसद्को सार्वजनिक लेखा समितिलाई समेत दिइएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रमोद यादवले पनि मुख्यमन्त्री कार्यालयबाट छानबिन समिति गठन गर्न पत्र आएको पुष्टि गरेका छन् । उनका अनुसार स्वास्थ्य उपकरण खरिदमा विगतमा अनियमितता भएको भन्दै अख्तियारले उजुरी परेको आधारमा कतिपय खरिदसम्बन्धी फाइल आयोगले लगिसकेको अवस्था छ ।

उनले उपलब्ध कागजातका आधारमा छानबिन गरी प्रतिवेदन तयार गर्ने बताए। सात दिनभित्र काम सम्पन्न गर्न कठिन हुनसक्ने भए पनि तोकिएको समयमै प्रतिवेदन बुझाउने प्रयास गरिने उनको भनाइ छ ।

स्वास्थ्य सामग्री खरिदमा अनियमितताको विषय नयाँ भने होइन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मधेशप्रदेशकोप्रादेशिकजनस्वास्थ्य प्रयोगशालासँग सम्बन्धित खरिदमा ५२ करोड ४२ लाख ५४ हजार ४६० रुपैयाँ भ्रष्टाचार भएको आरोपमा विशेष अदालतमा मुद्दा दायर गरिसकेको छ ।

२०८२ वैशाख १४ गते दायर गरिएको उक्त मुद्दामा तत्कालीन सामाजिक विकास मन्त्रालयका सचिव इमनारायण श्रेष्ठ, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका तत्कालीन निर्देशक डा. श्रवणकुमार मिश्रसहित १६ जनालाई प्रतिवादी बनाइएको थियो । आरोपितमध्ये वरिष्ठ ल्याब टेक्निसियन गुणानन्दप्रसाद साह, लेखा अधिकृत नवीन दास, वरिष्ठ स्वास्थ्य प्रशासक मुक्तिनारायण साह, ल्याब टेक्नोलोजिस्ट मनमोहन मिश्र, राम उदगार यादव तथा माइक्रोबायोलोजिस्टजितेन्द्रकुमार साहलगायत छन् ।

यसैगरी सेभेन हिल्स प्रालि., सिनामंगल र त्यसका सञ्चालक अनिल शाह तथा हस्पिटेक इन्टरप्राइजेजका सञ्चालक विशाल पण्डितलाई पनि सो मुद्दामा प्रतिवादी बनाइएको छ ।

### कोरोनाकालका खरिद पनि अनुसन्धानको घेरामा

कोभिड- १९ महामारीका बेला मधेश प्रदेशमा ठूलो रकमका स्वास्थ्य उपकरण तथा सामग्री खरिद भएको विषय पनि लामो समयदेखि विवादमा छ। तीमध्ये कतिपय उपकरण प्रयोगमा नआएको वा जडान नै नगरी थन्किएको विषयमा महालेखा परीक्षकको कार्यालयले समेत प्रश्न उठाउँदै आएको छ ।

स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले आर्थिक वर्ष २०७७/७८ मा मात्रै ५० करोड ७८ लाख ८२ हजार रुपैयाँ बराबरका स्वास्थ्य उपकरण खरिद गरेको थियो। यस्तै, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरधामअन्तर्गतको कोभिड अस्पतालका लागि १८ करोड ३८ लाख ६१ हजार रुपैयाँको आईसीयू बेड खरिद गरिएको विवरणसमेत सार्वजनिक भएको छ । यीमध्ये केही खरिदसम्बन्धी फाइल अनुसन्धानको दायरामा रहेको बताइएको छ ।

### प्रयोगविहीन उपकरणमा 'रि-एजेन्सी'को प्रयास

खरिद गरिएका कतिपय उपकरण प्रयोगविहीन अवस्थामा रहेको भन्दै आलोचना भएपछि तिनै उपकरणमा पुनः 'रि-एजेन्सी' गर्ने प्रक्रिया अघि बढाइएको आरोपसमेत लागेको थियो । तत्कालीन सामाजिक विकास मन्त्रालयअन्तर्गतको प्रदेश स्वास्थ्य तथा आपूर्ति व्यवस्थापन केन्द्रबाट यस्तो प्रक्रिया अघि बढेको र त्यसबारे अख्तियारले चासो लिएपछि प्रक्रिया रोकिएको बताइएको छ ।

आयोगका एक अधिकारीका अनुसार विगत ७/८ वर्षमा स्वास्थ्य सामग्री खरिदमा आपूर्तिकर्तासँग मिलेमतो भएको दाबी गर्दै विभिन्न उजुरी परेका छन् र तीमध्ये कतिपयमाथि अनुसन्धान जारी छ ।

स्वास्थ्य सामग्री खरिदमा १२ वटा मर्चरी रेफ्रिजेरेटर खरिदसम्बन्धी विवादसमेत छानबिनको विषय बनेको छ । स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले महोत्तरीको जलेश्वरस्थित लभ मेडिकल हलबाट दुई करोड ८९ लाख ९५ हजार ८ सय रुपैयाँमा १२ वटा शव राख्ने रेफ्रिजेरेटर खरिद गरेको थियो ।

खरिद गरिएका उपकरण स्वीकृत स्पेसिफिकेसनअनुसार नभएको आरोप लागेपछि भुक्तानी रोकिएको थियो। आपूर्ति केन्द्रका प्रमुख परिवर्तन भएपछि नयाँ प्रमुखले भुक्तानी रोकेसँगै खरिद प्रक्रियामा प्रश्न उठेको र अख्तियारले समेत यस विषयमा अनुसन्धान अघि बढाएको बताइएको छ ।



# हंसपुर नगरपालिकाको नगर सभापतिमा कमलदेव



**टुडे समाचारदाता**

जनकपुरधाम । हंसपुर नगरपालिकाको १५ औं नगर अधिवेशनबाटसभापतिमाकमलदेव यादव चयन भएका छन् ।

शनिबार सम्पन्न अधिवेशनमा सर्वसम्मतीबाटै यादव सभापतिमा चयन भएका हुन । नेपाली कांग्रेसमा सक्रिय राजनीति गर्दै आएका नवयुवकको रुपमा यादव अगाडि आएका छन् । नयाँ पुस्ताको माझमा पनि यादव उत्तिकै लोकप्रीय रहेका छन् । यादव प्रत्यासी वडाध्यक्षका उम्मेदवार पनि रहेका थिए । यादव सर्वसम्मत रुपमा चयन हुँदा उनीप्रति सहानुभुति समेत देखिएको छ ।

# लागूऔषधसहित एक पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाबाट प्रहरीले गोली चलाएर लागुऔषधसहित एक युवकलाई पक्राउ गरेको छ ।

जिल्लाको विदेह नगरपालिका वडा नं. ८ बफैबाट २०.३४ ग्राम ब्राउनसुगरसहित स्थानीय अजय मण्डललाई पक्राउ प्रहरीले पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषा र प्रहरी चौकी तिनकौरियाको संयुक्त टोलिले बिशेष सूचनाको आधारमा लागू औषध किनबेच गर्दै गर्दा स्थानीय अजय मण्डललाई गोली प्रहार गर्दै पक्राउ गरेको हो । प्रहरीका अनुसार आइतवार साँझ करिब ५:३० बजे मण्डललाई नियन्त्रणमा लिइएको जिप्रका धनुषाका प्रवक्ता डिएसपी ओमप्रकाश खनालले जनाएको छ ।

पक्राउ गर्ने क्रममा प्रहरी र लागु औषध कारोबारी बीच तनाव उत्पन्न भएको थियो । घटना नियन्त्रण गर्न खोज्दा एक राउण्ड हवाईफायर गर्नुपरेको प्रहरीले जनाएको छ । यता घटनामा परि एक जना प्रहरी घाइते भएको हो । घटनाबारे प्रहरीले थप अनुसन्धान भइरहेको प्रवक्ता खनालले जनाएको छ ।

# लवकी पोखरी क्षेत्रको जग्गा अतिक्रमण भएको भन्दै जग्गाधनीको गुहार

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका वडा नं. १२ स्थित लवकि पोखरीको डिलको दक्षिणतर्फ रहेको आफ्नो जग्गा उपमहानगरपालिकाले अतिक्रमण गरेको भन्दै जग्गाधनी देवेन्द्र दासले न्यायको माग गरेका छन् ।



दासका अनुसार उक्त जग्गा आफ्नो स्वामित्वमा रहेको भए पनि जनकपुरधाम उपमहानगरपालिकाले नाला निर्माणका क्रममा उनको जग्गा अधिग्रहण गरी अतिक्रमण गरेको छ। सो जग्गा सम्बन्धमा उच्च अदालत जनकपुरले उक्त भूमि दासको स्वामित्वमा रहेको ठहर गर्दै अतिक्रमण हटाउन आदेश दिएको दाबी गरिएको छ ।

तर अदालतको आदेशको बेवास्ता गर्दै जनकपुरधामउपमहानगरपालिकाका मेयर मनोजकुमार साहको निर्देशनमा नाला निर्माण गरी जग्गा अतिक्रमण गरिएको दासको आरोप छ । उनले आफ्नो जग्गालाई अतिक्रमणमुक्त गराइदिन सम्बन्धित निकायसँग गुहार मागेका छन् ।

जग्गाधनी दासले अदालतको आदेश कार्यान्वयन गरी आफ्नो स्वामित्वको जग्गा फिर्ता गराउन तथा अतिक्रमण हटाउन सरोकारवाला निकायको ध्यानाकर्षण गराएका छन् ।

यताजनकपुधामउपमहानगरपालिकाका मेयर मनोजकुमार साहले उच्च अदालत जनकपुरको आदेशलाई बेवास्ता गर्दै जग्गाधनीलाई साविक देखि नै नाला रहेकोले पोखरीको पानीको निकास रहेको जिकिर गरेका छन् ।

उनले अदालतको आदेशलाई बेवास्ता गर्दै जनकपुरधाम उपमहानगरपालिकामा सम्पर्क गर्न र २०२६ सालकै साविकको नाप नक्साबारे दाबी गर्दै पोखरीको पानीको निकासबारे अदालतको आदेश गलत रहेको दाबी गरे ।

# सोह्र श्राद्धको पहिलो दिन पशुपतिमा छ सय बढीले गरे श्राद्ध

काठमाण्डु । सोह्र श्राद्धको पहिलो दिन आज पशुपतिनाथ क्षेत्रमा छ सयभन्दा बढी श्रद्धालुले श्राद्ध, तर्पण तथा पिण्डदान गरेका छन् । बिहानैदेखि वर्षा भए पनि श्रद्धालुहरू आफ्ना दिवङ्गत पितृको सम्झनामा धार्मिक विधिअनुसार श्राद्ध गर्न पशुपति क्षेत्रमा पुगेका थिए ।



पशुपति क्षेत्रमा लामो समयदेखि श्राद्धलगायत धार्मिक कर्मकाण्ड गराउँदै आउनुभएका कलङ्कीका पण्डित शेषकान्त पन्तका अनुसार वर्षाका कारण विगतका वर्षको तुलनामा यस वर्ष पहिलो दिन श्रद्धालुको सङ्ख्या केही कम देखिएको हो ।

उहाँले सोह्र श्राद्ध पितृहरूको सम्झना र सम्मानमा गरिने धार्मिक परम्परा भएको उल्लेख गर्दै पहिलो दिनमै वर्षा भएकाले श्रद्धालुको आवागमन प्रभावित भएको बताउनुभयो । पितृहरूको आत्माको शान्तिको कामना गर्दै सोह्र श्राद्धका अवसरमा विभिन्न धार्मिक तथा तीर्थस्थलमा श्राद्ध, तर्पण र पिण्डदान गर्ने प्रचलन छ ।

यस अवधिमा विशेषगरी पशुपतिनाथ क्षेत्रमा दिवङ्गत आफन्तको सम्झनामा धार्मिक कर्मकाण्ड गर्ने श्रद्धालुको बाक्लो उपस्थिति रहने गरेको पण्डित गङ्गाराज दाहालले बताउनुभयो । उहाँका अनुसार आजदेखि सुरु भएको सोह्र श्राद्ध औंसीसम्म चल्नेछ ।

यस अवधिमा श्रद्धालुहरूले आफ्ना दिवङ्गत पितृको सम्झनामा तर्पण, पिण्डदान तथा श्राद्ध गर्ने परम्परा रहिआएको छ । वर्षाका कारण बिहान श्रद्धालुको आवागमन केही प्रभावित भए पनि दिउँसोसम्म पशुपतिनाथ क्षेत्रमा श्राद्ध, तर्पण तथा पिण्डदान गर्नेहरूको चहलपहल जारी थियो ।

कोटेश्वरबाट श्राद्ध गर्न पशुपति आउनुभएका कमल अधिकारीले वर्षा भए पनि तिथिअनुसार श्राद्ध गर्नुपर्ने भएकाले आफूहरू आएको बताउनुभयो । उहाँले सोह्र श्राद्धको अन्तिम दिन श्रद्धालुको उपस्थिति अझ बाक्लो हुने अपेक्षा गर्नुभयो ।

सोह्र श्राद्ध सुरु भएसँगै पशुपतिनाथ क्षेत्रमा श्रद्धालुको चहलपहल बढेको छ । श्रद्धालुहरूको आगमनसँगै पण्डितहरूलाई पनि श्राद्ध, तर्पण तथा पिण्डदानलगायत धार्मिक कर्मकाण्ड गराउन भ्याइनभ्याइ भएको छ । रासस

# ४७औँ विश्व पर्यटन दिवसका अवसरमा चित्रकला प्रदर्शनी

काठमाण्डु । विश्व पर्यटन दिवस २०२६ का अवसरमा चित्रकला तथा फोटो प्रदर्शनी आयोजना गरिएको छ । बागमती प्रदेश पर्यटन कार्यालयले ४७औँ विश्व पर्यटन दिवसका अवसरमा आज काठमाडौँमा एकदिने चित्रकला तथा फोटो प्रदर्शनी आयोजना गरेको हो ।

प्रदर्शनीमा बागमती प्रदेशको पर्यटकीय, प्राकृतिक, सांस्कृतिक तथा कलात्मक पहिचान झल्किने चित्र तथा तस्बिर समावेश गरिएका छन् । कुल १६ कलाकारका २१ वटा विभिन्न विधाका उत्कृष्ट कलाकृति अवलोकनका लागि राखिएको पर्यटन कार्यालय बागमती प्रदेशका प्रमुख पवनकुमार पोखरेलले जानकारी दिनुभयो ।



प्रदर्शनीमा विशेषगरी बागमती प्रदेशका प्रमुख पर्यटकीय स्थल, सांस्कृतिक सम्पदा, प्राकृतिक सौन्दर्यका साथै नेपालमा प्रचलित विभिन्न परम्परागत तथा आधुनिक कला शैलीलाई प्रस्तुत गरिएको छ । प्रदर्शनीमा कलाकार एससी सुमन, केशवराज खनाल, देवेन्द्र थुम्केली, नरबहादुर विक, प्रदीप अधिकारी, शोभा ढकाल, देवासी काफ्ले, प्रकाश मिजार, सञ्जय प्रधान, सिकन्दर चौधरी, बाबुराम पौडेल र नारायण ढुङ्गानालगायत स्रष्टाका कलाकृति राखिएका छन् । रासस

# 'बुद्ध नेपालमा जन्मेको थाहै थिएन'




**टुडे समाचारदाता**

न्युयोर्क । संयुक्त राष्ट्रसंघको महासभाका सिलसिलामा परराष्ट्रमन्त्री शिशिर खनालले अष्ट्रेलियाका पूर्वप्रधानमन्त्री तथा एसिया सोसाइटीका अध्यक्ष एवं प्रमुख कार्यकारी अधिकृत (सीईओ) केभिन रुडसँग अन्तरंग संवाद गरे । तीन दिनअघि भएको उक्त संवाद अहिले चर्चामा आएको छ ।

संवादका दौरान भगवान बुद्धको विषयमा केहीबेर चर्चा भएको थियो । केभिनले भगवान गौतम बुद्ध वर्तमान नेपालको भूभागमा जन्मिएको विषयमा आफूलाई थाहा नभएको बताएका छन् ।

एसिया सोसाइटीद्वारा आयोजितअन्तरक्रियाकार्यक्रममा सम्बोधनपछि सो छलफल भएको थियो । पूर्वप्रधानमन्त्री रुडले नेपालका परराष्ट्रमन्त्री शिशिर खनालसँग बुद्ध र नेपालको धार्मिक परम्पराबारे जिज्ञासा राख्दै यस्तो टिप्पणी गरेका हुन् ।

खनालको मन्तव्य सुनेपछि पूर्वप्रधानमन्त्री रुडले भनेका थिए, 'भगवान बुद्ध हालको नेपालमा जन्मिनुभएको थियो भन्ने कुरा मलाई थाहा थिएन । मैले सधैं नेपाललाई बुद्धको जन्मभन्दा पनि पुरानो अति प्राचीन वैदिक परम्परासँग मात्र जोडेर हेर्ने गरेको थिएँ ।'

उनले वर्तमान नेपालमा बौद्ध धर्मावलम्बीहरूको अनुपात कति छ भनी प्रश्नसमेत गरेका थिए ?

जवाफमा मन्त्री खनालले नेपालमा करिब २० देखि २५ प्रतिशत बौद्ध धर्मावलम्बी रहेको जानकारी दिँदै नेपालको धार्मिक सहअस्तित्व विश्वमै अद्वितीय रहेको स्पष्ट पारे ।

'नेपाल मुख्यरूपमा हिन्दु-वैदिक परम्परा भएको देश भए पनि यहाँको मौलिक विशेषता के हो भने, हिन्दु समुदाय र हरेक परिवारभित्र पनि बुद्धलाई उत्तिकै श्रद्धाका साथ भगवानकै रूपमा पूजा गरिन्छ,' मन्त्री खनालले भने ।

खनालले पश्चिमा मुलुकहरूमा हिन्दु र बौद्ध धर्मलाई नितान्त फरक-फरक धर्मका रूपमा बुझ्ने गरिए पनि नेपालको व्यावहारिक जीवनमा यी दुईबीच कुनै ठूलो भिन्नता नदेखिने र सुन्दर सहअस्तित्व रहेको बताए ।

छलफलका क्रममा रुडले नेपालमा कुन सम्प्रदायको बुद्ध धर्म मानिन्छ भनी सोधेको प्रश्नमा मन्त्री खनालले नेपालमा थेरवादको अभ्याससँगै महायान बुद्ध धर्मको ऐतिहासिक भूमिका महत्त्वपूर्ण रहेको बताए । उनले काठमाडौं उपत्यकाबाट सुरु भएको महायान बुद्ध परम्परा तिब्बती पठार हुँदै एसियाका अन्य भागसम्म फैलिएको ऐतिहासिक तथ्य प्रस्तुत गरेका थिए ।

राष्ट्रसंघीय महासभामा भाग लिन नेपाली प्रतिनिधिमण्डलसहित न्युयोर्क पुगेका मन्त्री खनालले एसिया सोसाइटीको मञ्चबाट नेपालको भू-राजनीति, आर्थिक सम्भावना र विदेश नीतिका साथै नेपालको ऐतिहासिक तथा सांस्कृतिक पहिचानबारे अन्तर्राष्ट्रिय समुदायलाई आश्वस्त पारेका थिए ।

# सेतीवेणी बजारका २६ घर डुबानमा, प्रभावितलाई विद्यालयमा राखियो

वालिङ । अविरल वर्षासँगै कालीगण्डकी नदी र सेतीखोलामा आएको बाढीका कारण सेतीवेणी बजार डुबानमा परेको छ । स्याङ्जा, पर्वत र गुल्मीको सीमामा रहेको कालीगण्डकी नदी र सेतीखोलाको किनारमा अवस्थित सेतीवेणी बजार डुबानमा परेको हो ।

चार दिनदेखि निरन्तर रुपमा परेको वर्षासँगै कालीगण्डकी नदी र सेतीखोलामा आएको बाढीले स्याङ्जाको गल्याङ नगरपालिका-५ तर्फको बजारका १७ घरमा क्षति पुगेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी रमेशदत्त अवस्थीले जानकारी दिनुभयो । त्यस्तै, पर्वततर्फका नौ घरमा क्षति पुगेको गल्याङ-५ का वडाध्यक्ष घनश्याम भट्टराईले बताउनुभयो ।

"स्याङ्जातर्फका १७ घरमा बाढी पस्दा घरहरू भत्किनुका साथै डुबानमा परेका छन्", उहाँले भन्नुभयो, "गएराति २:०० बजेतिरदेखि नदी तथा खोलामा बहाव बढेसँगै स्याङ्जा र पर्वततर्फका बाढी प्रभावितलाई पर्वततर्फको शालिग्राम मावि परिसरमा राखिएको छ ।" विद्यालयमा आश्रय लिएर बसेका बाढी प्रभावितलाई तत्काल खानपान तथा आश्रयको व्यवस्थापन मिलाइएको उहाँले बताउनुभयो । बाढीका कारण मानवीय क्षति नभएपनि केही पशुचौपाया भने नदीले बगाएर लगेको उहाँको भनाइ छ ।

बजार डुबानमा परेपछि अहिले त्यहाँको जनजीवन प्रभावित बनेको छ । बाढीका कारण विश्व विराट शालिग्राम शीला डुबानमा परेको छ । कालीगण्डकी नदीमा आएको बाढीका कारण स्याङ्जाको कालीगण्डकी गाउँपालिका-७ मा मिर्मीमा रहेको कालीगण्डकी ए जलविद्युत् परियोजनाका सबै ढोका खोलेर विद्युत उत्पादन बन्द गरिएको छ । नदीमा आएको बाढीले आज बिहान मिर्मीस्थित स्याङ्जा र गुल्मीलाई जोड्ने मोटरेबल पुलसमेत बगाएको थियो । रासस


**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

- **मेष :** अवसर आए पनि विचारेर मात्र नयाँ काम सुरु गर्नु होला ।
- **वृष :** स्वास्थ्यगतकमजोरीलेसताउलामनमा घरायसी पिडाले डेरा जमाउन सक्छ ।
- **मिथुन :** प्रतिस्पर्धामा केही कमजोर साबित भइएला चिताएको काम पुरा नहुन सक्छ ।
- **कर्कट :** आम्दानी प्रशस्तै बढ्नेछ नयाँ योजनाहरुको पनि सिर्जना हुने दिन छ।
- **सिंह :** भौतिक साधन जुट्नेछन्, नउठ्ने रकम उठ्ने दिन छ, मन प्रफुल्ल रहला ।
- **कन्या :** आफ्नै कमजोरीले विवादमा परिने योग छ, सचेत रहनुहोला ।
- **तुला :** कामको सन्दर्भमा प्रतिष्ठित व्यक्तिहरु संग मित्रता बढ्नेछ ।
- **वृश्चिक :** स्वादिष्ट भोजनको आनन्द पाइएला ।
- **धनु :** कला, साहित्य, मनोरञ्जन आदि क्षेत्रमा रुचि बढ्नेछ ।
- **मकर :** सानातिना काम र घरेलु समस्यामै अल्झनुपर्ने देखिन्छ ।
- **कुम्भः** नयाँ जिम्मेवारी पाइएला ।
- **मीनः** व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ साथै धनलाभ पनि हुनेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी 9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# कोशीको बाढीले सप्तरीमा ५ सय बढी घर डुबानमा



**टुडे समाचारदाता**

राजविराज । निरन्तर वर्षाका कारण सप्तकोशी नदीमा पानीको सतह उच्च बढेसँगै सप्तरीका विभिन्न तटीय बस्तीहरूमा सयौं घर डुबानमा परेका छन् ।

सप्तकोशीको बाढी बस्तीमा प्रवेश गर्दा हनुमाननगर कंकालिनी नगरपालिका र तिलाठी कोइलाडी गाउँपालिकाका करिब ५ सय घरहरू पूर्ण रूपमा डुबानमा परेका छन् । यस विपद्का कारण स्थानीय जनजीवन अस्तव्यस्त बनेको छ भने बाढीको चपेटामा परेर २ हजारभन्दा बढी मानिसहरू प्रत्यक्ष रूपमा प्रभावित भएका छन् ।

स्थानीय प्रशासन र जनप्रतिनिधिहरूले दिएको जानकारी अनुसार शुक्रबार रातिदेखि नै सप्तकोशी नदीमा पानीको बहाव खतरनाक किसिमले बढेको थियो । बाढीले सबैभन्दा बढी हनुमाननगर कंकालिनी नगरपालिकाका वडाहरूलाई प्रभावित पारेको छ ।

उक्त नगरपालिकाको वडा नम्बर ५, ७, १२ र १३ का बस्तीहरू डुबानमा पर्दा मात्रै ४८३ घरहरू पानीमुनि पुगेका छन् । कोशी नदीको बीच भागमा रहेको वडा नम्बर-१३ को गोबरगाढा बस्ती पूर्ण रूपमा डुबानमा परेको छ । बाढीका कारण वडा नम्बर-७ र १२ मा दुई-दुई गरी चार परिवारका घरसमेत भत्किएका छन् । घर भत्किएपछि ती परिवारलाई सुरक्षित स्थानमा सारिएको नगरपालिकाले जनाएको छ ।

यसैगरी, तिलाठी कोइलाडी गाउँपालिकाको वडा नम्बर ४ र ५ मा पनि १७ वटा घर डुबानमा परेको पुष्टि भएको छ । नदीको जलस्तर अनियन्त्रित भएपछि स्थानीय बासिन्दाहरू त्रसित भएर सुरक्षित स्थानतर्फ सरुवा हुन बाध्य भएका छन् ।

तिलाठी कोइलाडी गाउँपालिका-५ मा पनि सप्तकोशी नदीको बाढी पसेको छ । त्यहाँ करिब १५ घरपरिवार प्रभावित भएका छन् । उनीहरू छिमेकीको घरमा आश्रय लिएर बसेका छन् ।

बाढीको विपद्बाट प्रभावित बनेका नगरवासीहरूको जीवनरक्षा र राहतका लागि स्थानीय सरकारले तत्काल उद्धार तथा राहतका कार्यक्रमहरू अगाडि बढाएको छ । हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख वीरेन्द्र माझीका अनुसार बाढीपीडित परिवारका लागि तत्कालका लागि बिहान र बेलुका दुई छाक खानाको व्यवस्था मिलाइएको छ ।

पानीको सतह पूर्ण रूपमा घटेपछि प्रभावित परिवारको वास्तविक पहिचान गरी थप राहत तथा पुनर्स्थापनाका सामग्रीहरू वितरण गर्ने नगरपालिकाको तयारी छ । यद्यपि, नदीको जलस्तरमा अझै पनि उतारचढाव भइरहेकाले सप्तरीका नदी किनार तथा तटीय क्षेत्रमा उच्च जोखिम कायम रहेको भन्दै प्रशासनले सबै बासिन्दालाई सतर्क रहन गम्भीर आग्रह गरेको छ ।

बाढी प्रभावितका लागि नगरपालिकाले शनिबारदेखि निःशुल्क भोजनको व्यवस्था समेत गरेको छ । शनिबार मात्रै करिब एक हजार जनाले उक्त मेसबाट खाना खाएका थिए । सम्भावित जनधनको क्षति न्यूनीकरणका लागि सशस्त्र प्रहरी बल नेपाल नं. ६ गण हेडक्वार्टर सप्तरीले कोशी तटीय क्षेत्रका उद्धार टोलीलाई 'हाई अलर्ट'मा राखेको छ ।

सशस्त्र प्रहरी उपरीक्षक नवीनसिंह राईका अनुसार कोशी तटीय क्षेत्रसहित अन्य बाढी प्रभावित स्थानमा डीएमटी म्यानेजमेन्ट टिमका ३२ जनासहित ५ सयभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ। उद्धारका लागि २ वटा र्‍याप बोट र ३ वटा मोटर बोट गरी ५ वटा उद्धार डुंगा तयारी अवस्थामा राखिएको उनले जानकारी दिए ।

समाचार तयार पार्दासम्म कोशी नदीमा ३ लाख १६ हजार ७९५ क्युसेकभन्दा बढी पानीको बहाव मापन गरिएको छ । कोशी ब्यारेजका ४३ वटा ढोका खुला राखिएको छ ।

# सप्तरीपछि रौतहटको गरुडामा महिलाले अस्पताल बाहिरै जन्माईन बच्चा

**टुडे समाचारदाता**

रौतहट । मधेश प्रदेशमा स्वास्थ्य सेवाको अवस्था निकै कमजोर बन्दै गएको छ। सप्तरीको राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल अगाडि बच्चा जन्माउनु परेको घटना सेलाउन नपाउँदै त्यस्तै घटना रौतहटमा पनि दोहोरिएको छ ।

जिल्लाको गरुडा नगरपालिका-६ पोठियाहीस्थित बर्थिङ सेन्टरमा सुत्केरी गराउन पुगेकी एक महिलाले स्वास्थ्यकर्मीको अभावमा सेन्टरको बाहिरै बच्चा जन्माउनुपरेको छ ।

आइतबार बिहान करिब साढे १० बजे स्थानीय आमिचन माझी मुसहरकी छोरीलाई सुत्केरी गराउन बर्थिङ सेन्टर पुर्‍याइएको थियो। तर त्यहाँ सुत्केरी गराउने स्वास्थ्यकर्मी उपलब्ध नभएको जानकारी पाएपछि महिलाकी सासु अटो रिक्सा खोज्न बाहिर निस्किएकी थिइन् ।

त्यसैबीच सुत्केरी व्यथा बढेपछि ती महिलाले बर्थिङ सेन्टरको गेट बाहिरै बच्चा जन्माएकी हुन्। वडा नम्बर ६ का अध्यक्ष रामबाबु चौधरीका अनुसार बच्चा जन्मिएपछि सेन्टरका कर्मचारी रौशन जैसवाललाई घरबाट बोलाएर आमा र नवजात शिशुलाई सेन्टरभित्र लगिएको थियो ।



वडा अध्यक्ष चौधरीका अनुसार उक्त बर्थिङ सेन्टरमा दरबन्दी रहेका तारा रामसहित दुई जना महिला स्वास्थ्यकर्मीलाई करिब ६ महिनाअघि अन्यत्र सरुवा गरिएको थियो । उनीहरूको सरुवापछि दक्ष जनशक्तिको अभावमा बर्थिङ सेन्टरको नियमित सेवा प्रभावित हुँदै आएको उनको भनाइ छ ।

'दक्ष स्वास्थ्यकर्मी हुँदा यही सेन्टरमा दैनिक तीन-चार जना महिलाले सुरक्षित रूपमा सुत्केरी सेवा लिने गरेका थिए। तर स्वास्थ्यकर्मी सरुवा भएपछि समस्या बढेको हो,' चौधरीले बताए ।

स्वास्थ्यकर्मीको सरुवा फिर्ता गरी बर्थिङ सेन्टरमै जनशक्ति व्यवस्थापन गर्न नगर प्रमुख कन्थमणि जैसवालसँग पटक-पटक आग्रह गरे पनि सुनुवाइ नभएको वडा अध्यक्ष चौधरीको दाबी छ । घटनापछि नगरपालिकाको स्वास्थ्य सेवा व्यवस्थापनबारे पनि प्रश्न उठेको छ। राष्ट्रिय स्वतन्त्र पार्टीका स्थानीय नेता रविन्द्र यादवले विशेषगरी विपन्न तथा दलित समुदायका महिलाले सेवा लिन आउने स्वास्थ्य संस्थामै आवश्यक जनशक्ति नहुनु गम्भीर विषय भएको बताएका छन् । यादवले घटनाबारे नगरपालिका पुगेर सोमबार नगर प्रमुख जैसवालसँग छलफल गर्ने बताएका छन् ।

बर्थिङ सेन्टर स्थापना गर्नुको मुख्य उद्देश्य गर्भवती महिलालाई घरमै सुत्केरी हुनुपर्ने जोखिमबाट जोगाउँदै नजिकै सुरक्षित मातृत्व सेवा उपलब्ध गराउनु हो। तर सेवा दिने स्वास्थ्यकर्मी नै उपलब्ध नहुने अवस्था आएमा भौतिक संरचना मात्र पर्याप्त हुँदैन ।

पोठियाहीको घटनाले स्थानीय तहअन्तर्गत सञ्चालित स्वास्थ्य संस्थामा दरबन्दी, जनशक्ति व्यवस्थापन र स्वास्थ्य सेवाको नियमित उपस्थितिबीच समन्वय आवश्यक रहेको देखाएको छ । विशेषगरी प्रसूति सेवा आकस्मिक प्रकृतिको हुने भएकाले तोकिएको समयमा स्वास्थ्यकर्मी उपलब्ध नहुँदा सामान्य अवस्थाको गर्भवती पनि जोखिममा पर्न सक्छिन् ।

स्थानीयका अनुसार करिब ६ महिनाअघिसम्म नियमित रूपमा सुत्केरी सेवा दिइँदै आएको उक्त केन्द्रमा स्वास्थ्यकर्मी सरुवापछि सेवा प्रभावित भएको हो। अब नगरपालिकाले घटनाको वास्तविक अवस्था छानबिन गरी आवश्यक जनशक्ति तत्काल व्यवस्थापन गर्ने कि समस्या यथावत् राख्ने भन्ने विषय स्थानीयका लागि चासोको बनेको छ ।

स्थानीयले बर्थिङ सेन्टरमा नियमित स्वास्थ्यकर्मीको उपस्थिति, आवश्यक दक्ष जनशक्ति र सुरक्षित मातृत्व सेवा सुनिश्चित गर्न नगरपालिकासँग माग गरेका छन् ।

# नक्कली शैक्षिक प्रमाण आरोपमा यादवविरुद्ध मुद्दा दायर

**टुडे समाचारदाता**

रौतहट । रौतहटको माधव नारायण नगरपालिकामा सामाजिक परिचालकको रुपमा कार्यरत कृष्ण नन्दन प्रसाद यादवविरुद्ध नक्कली शैक्षिक प्रमाणपत्र पेस गरी सरकारी सेवामा प्रवेश गरेको आरोपमा भ्रष्टाचार मुद्दा दायर भएको छ ।

यादवले जिल्ला विकास समिति, रौतहटको स्थानीय ट्रष्ट कोष समितिमा सामाजिक परिचालक (सहायक स्तर पाँचौं) पदमा नियुक्ति लिने क्रममा बिहार इन्टरमिडिएट एजुकेसन काउन्सिल, पटना, भारतबाट जारी भएको देखिने आईए तहको झुट्टा तथा नक्कली शैक्षिक प्रमाणपत्र पेस गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आरोप छ ।

उक्त प्रमाणपत्रकै आधारमा नियुक्ति लिएर यादव हालसम्म राष्ट्रसेवकको हैसियतमा कार्यरत रही ओहोदा, लाभ तथा सुविधासमेत प्राप्त गरेको अनुसन्धानबाट पुष्टि भएको अख्तियारले जनाएको छ । यादवको शैक्षिक प्रमाणपत्र नक्कली रहेको भन्दै छानविनका लागि परेको उजुरीमाथि अनुसन्धान गर्दा आरोप पुष्टि भएको अख्तियारको निष्कर्ष छ ।

आयोगले यादवले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको जनाएको छ ।

सोही आधारमा यादवलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद तथा जरिवाना सजाय हुन मागदाबी गर्दै अख्तियारले आइतबार विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरेको हो ।

# कांग्रेसका माला रास्वपामा गरे प्रवेश

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा निर्वाचन क्षेत्र नम्बर ४ का प्रभावशाली नेता कांग्रेसका माला भनिने जीतेन्द्र यादव राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरेका छन्। उनलाई रास्वपाका नेताहरूले स्वागत गर्दै एक कार्यक्रमका बीच पार्टी प्रवेश गराएका हुन ।

पार्टीका संगठन विभाग प्रमुख सरोज पुर्वे, धनुषा जिल्ला अध्यक्ष लक्ष्मेश्वर यादव, जिल्ला सहसचिव अमृत यादव, लक्ष्मिनिया गाउँपालिका अध्यक्ष कमलेश यादव लगायतको उपस्थितिमा मालाले पार्टी प्रवेश गरेका छन् ।



माला लामो समयदेखी नेपाली कांग्रेसमा सक्रिय थिए । लक्ष्मिनिया गापा-५ बनिनियाका मालाको युवा वर्गमा राम्रो पक्कड रहेको मानिन्छ । उनी गत फागुन २१ को प्रतिनिधिसभा चुनावमा निकै सक्रिय थिए । अघिल्लो समय जिल्लास्थित पार्टीका नेताहरूको व्यवहारबाट उनी असन्तुष्ट थिए ।उनको आगमनले रास्वपा लक्ष्मिनिया-५ मा थप सशक्त हुने विश्वास पार्टीको रहेको छ ।

# अवैध रुपमा भित्रियाइएका मदिरा र कुखुरा बरामद



**टुडे समाचारदाता**

रौतहट। रौतहट प्रहरीले जिल्लाको छुट्टाछुट्टै स्थानबाट लागुऔषध गाँजा, भन्सार छली भारततर्फ लैजाँदै गरेको सोफी रक्सी तथा भारतबाट अवैध रूपमा भित्र्याइएका बोइलर कुखुरा बरामद गरेको छ ।

यमुनामाई गाउँपालिका-४ स्थित सरुअठादेखि झुलुङ्गे पुल जाने बाटोमा जाँच गर्ने क्रममा प्रहरीले ५ किलो २५० ग्राम गाँजासहित दुर्गाभगवती गाउँपालिका-१ का २६ वर्षीय पुजन साहलाई मोटरसाइकलसहित नियन्त्रणमा लिएको छ। साहको गुम्ती पसलमा खानतलासी गर्दा थप २५० ग्राम गाँजा बरामद भएको प्रहरीले जनाएको छ ।

यसैगरी, राजदेवी नगरपालिका-९ ब्रह्मपुरीमा नेपालबाट भारततर्फ भन्सार छली लैजाँदै गरिएको ६४ कार्टुन सोफी रक्सी बरामद भएको छ । प्रहरीले रक्सी ओसार्न प्रयोग गरिएको इलेक्ट्रोनिक लोडरसहित चालक सोही स्थानका ४५ वर्षीय सुरेन्द्र गोसाईलाई पक्राउ गरी आवश्यक कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाएको छ । बरामद रक्सीको मूल्य करिब ६७ हजार २०० रुपैयाँ रहेको छ ।

यस्तै, परोहा नगरपालिका-८ नरकटिया आँप बगैंचाबाट भारतबाट अवैध रूपमा ल्याइँदै गरेको १३७ वटा बोइलर कुखुरा प्रहरीले बरामद गरेको छ । पाँच वटा साइकलमा ल्याइँदै गरेको ४११ किलो कुखुरा, अन्दाजी १ लाख २३ हजार ३०० रुपैयाँ मूल्य बराबरको रहेको प्रहरीले जनाएको छ । बरामद कुखुरा स्थानीय जनप्रतिनिधि तथा सर्वसाधारणको रोहबरमा नष्ट गरिएको प्रहरीले जनाएको छ ।

# वीरगञ्जमा हटाउन थालियो अनाधिकृत होर्डिङ बोर्ड

**टुडे समाचारदाता**

वीरगञ्ज । अनधिकृत रूपमा राखिएका 'होर्डिङ बोर्ड', ब्यानर तथा प्रचार सामग्री वीरगञ्ज महानगरपालिकाले हटाउन अभियान थालेको छ ।

महानगरपालिकाले सार्वजनिक सम्पत्तिको संरक्षण, सडक तथा विद्युत् संरचनाको व्यवस्थापन र सहरको सौन्दर्य कायम गर्ने उद्देश्यअनुरुप सार्वजनिक विद्युत्का खम्बा तथा सार्वजनिक स्थानमा नियमविपरीत राखिएका अनधिकृत होर्डिङ बोर्ड, ब्यानर तथा प्रचार सामग्री आजदेखि हटाउन सुरु गरेको जनाइएको छ ।

महानगरपालिकाले सार्वजनिक पोल तथा स्थानमा विज्ञापन सामग्री राख्नुअघि महानगरपालिकाबाट आवश्यक अनुमति लिन आग्रह गर्दै वीरगञ्जका विभिन्न चोक तथा सडकका विद्युत् खम्बामा जथाभावी टाँगिएका निजी क्लिनिक, चिकित्सक तथा विभिन्न व्यवसायका प्रचार सामग्री हटाउने कामको थालनी गरिएको महानगरका हरियाली संयोजक प्रकाश खेतानले जानकारी दिएका छन् ।

महानगरपालिकाले सञ्चालन गरेको अभियानअन्तर्गत वीरगञ्जका मुख्य सडक, चोक तथा विद्युत्का खम्बामा अनुमति नलिई राखिएका प्रचार सामग्री हटाउने कार्य तीव्र पारिएको उनको भनाइ छ । उनले भने, "महानगरलाई स्वच्छ, सुन्दर र व्यवस्थित बनाउने दायित्व हामी सबैको हो, त्यसैले सार्वजनिक सम्पत्तिको दुरुपयोग गरेर सहरी सौन्दर्य बिगार्ने र अनुमतिविना विज्ञापन राख्ने छुट कसैलाई छैन ।"

महानगरपालिकाले कुनै पनि अनुमति नलिई सार्वजनिक स्थानमा होर्डिङ बोर्ड, ब्यानर तथा अन्य प्रचार सामग्री नराख्नसमेत सम्बन्धित व्यक्ति तथा संस्थालाई अनुरोध गरेको छ ।

अहिले सडक डिभिजन कार्यालय हेटौंडाले वीरगञ्जको मुख्य सडकलाई आगामी दसैंअघि पूर्ण रूपमा सफा र व्यवस्थित बनाइने उद्देश्यअनुरुप त्रिभुवन राजपथअन्तर्गत पर्ने गण्डक चोकदेखि मितेरीपुलसम्मको सडक २५-२५ मिटर दायाँ-बायाँ विस्तार गर्ने उद्देश्यअनुसार घरहरु भत्काउने काम सम्पन्न गरेको छ ।





# चार जिल्लामा सडक निर्माणका लागि ठेक्का आह्वान

**टुडे समाचारदाता**

जनकपुरधाम । स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, जनकपुरधामले मधेश प्रदेशका विभिन्न जिल्लामा सडक निर्माण, स्तरोन्नति तथा मर्मतसम्भारका लागि चारवटा ठेक्का आह्वान गरेको छ ।

कार्यालयले राष्ट्रिय प्रतिस्पर्धात्मक बोलपत्र (एनसीबी) अन्तर्गत दुई खामे प्रक्रियाबाट सडक आयोजनाका लागि बोलपत्र माग गरेको हो । असोज ८ गते प्रकाशित सूचना अनुसार पर्सा, बारा, धनुषा-महोत्तरी र सर्लाहीमा सडकसम्बन्धी कामका लागि बोलपत्र आह्वान गरिएको छ ।

पहिलो ठेक्काअन्तर्गत पर्साका दुई सडक खण्डको निर्माण तथा स्तरोन्नति गरिने भएको छ । बहुअर्वा भाठा (हुलाकी राजमार्ग)-पोखरिया-सतबरिया-बिरन्ची बरवा-कालिकामाई गाउँपालिका भवनसम्मको सडक र बोखवा चोकदेखि जगन्नाथपुर गाउँपालिका भवनसम्मको सडक यसमा समेटिएका छन् । यस आयोजनामा मुख्य कार्यका रूपमा २६२ घनमिटर अस्फाल्ट निर्माण गर्ने कार्य तोकिएको छ ।



यस ठेक्काका लागि बोलपत्र जमानत ६ लाख ५० हजार रुपैयाँ तोकिएको छ । विगत १० वर्षमध्ये तीन वर्षको उत्कृष्ट वार्षिक निर्माण कारोबार (एएसीटी) कम्तीमा ३ करोड ८९ लाख रुपैयाँ र सोही अवधिमा कम्तीमा १ करोड ३ लाख ७० हजार रुपैयाँ बराबरको समान प्रकृति तथा आकारको काम गरेको अनुभव आवश्यक पर्ने सूचनामा उल्लेख छ ।


पर्साकै दोस्रो ठेक्कामा सिर्सिया (कथरिया-कलैया सडक)-लौटन हुँदै करैयामाई गाउँपालिका भवनसम्मको सडक, बारा निर्माण तथा स्तरोन्नति गर्न बोलपत्र माग गरिएको छ । यसका लागि पनि ६ लाख ५० हजार रुपैयाँ बोलपत्र जमानत तोकिएको छ ।

यस ठेक्काका लागि तीन वर्षको उत्कृष्ट वार्षिक कारोबार ३ करोड ८९ लाख रुपैयाँ र विगत १० वर्षभित्र कम्तीमा १ करोड ३ लाख ७० हजार रुपैयाँ बराबरको समान प्रकृतिको काम गरेको अनुभव आवश्यक छ। आयोजनामा १२६ घनमिटर अस्फाल्ट तथा एम-२० वा सोभन्दा माथिको ४७१ घनमिटर कंक्रिट प्रयोग हुने मुख्य कार्य तोकिएको छ ।

तेस्रो ठेक्का अन्तर्गत धनुषा र महोत्तरीका विभिन्न सडक खण्डलाई एउटै प्याकेजमा समेटिएको छ। धनुषाको विदेह नगरपालिका-९ स्थित खरियानी टोलदेखि ठूलो बेदीसम्मको सडक, बटेश्वर-३ स्थित देवी आधारभूत विद्यालयदेखि ढिभरथान-पानीघाट-सुक्चाजोर टोल-मुसहरी टोलसम्मको सडक, जनकपुरधाम क्षेत्रको जंघा नदी गोठी बनौली (रामगोपलपुर) सडक हुँदै महोत्तरीको सोनमा गाउँपालिका जोडने सडकसम्म, सोनमा गाउँपालिकाकै वडा नम्बर एक १ गोबरहिया-मरहा नदी-खखना-हुलाकी राजमार्ग सडक लगायतका खण्ड समावेश छन् ।

यस ठेक्काको बोलपत्र जमानत १० लाख ७० हजार रुपैयाँ तोकिएको छ । तीन वर्षको उत्कृष्ट वार्षिक कारोबार कम्तीमा ६ करोड ४१ लाख रुपैयाँ र पछिल्लो १० वर्षमा १ करोड ७० लाख ९० हजार रुपैयाँ बराबरको समान प्रकृतिको काम गरेको अनुभव मागिएको छ ।

यस प्याकेजमा मुख्यरूपमा एम-२० वा सोभन्दा माथिको १ हजार ६४५ घनमिटर कंक्रिट प्रयोग गर्ने कार्य समावेश छ ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# वर्षा र बाढीबाट क्षति

चारदिन देखि भइरहेको भारी वर्षाले फेरी जनधनको ठूलो क्षति भएकोछ ।राजमार्गहरु अबरुद्ध छन् ।पहिरोले राजधानीसितको यातायात सम्बन्ध टुटेकोछ। अबिरल वर्षाले कयौं घर बगाएको छ ।सयौं घर डुबानमा परेका छन् ।केहि मानिसको ज्यान गएको छ ।पहिरोले कयौं घर पुरिएकोछ ।नदीको जोखिममा रहेका बस्तीहरुलाई खाली गरिएकोछ ।सवारी साधनहरु सडकमा जाम भएकोछ ।राजधानी काठमाण्डुबाट बाहिर निस्कने ठूला सवारी साधनहरु रोकिएकोले कयौं प्रकारको समस्या देखिएको छ ।केहि विमानस्थलमा प्रयाप्त प्रकाश नहुँदा हवाई उडान समेत प्रभावित भएकोछ ।वर्षा रोकिएको छैन् ।पहिरो आउने क्रमपनि जारी नै रहेको छ ।राजमार्गहरु भासिन थालेको छ ।काठमाण्डु प्रवेश गर्ने हेटौडादेखिको राजमार्गहरु पूर्ण रुपमा बन्द भएको छ ।सिन्धुली बर्दिवास सडकपनि असुरक्षित छ ।कोसी नदीको बाढीले सप्तरी जिल्लाको तिलाठी कोइलारी लगायतका केहि वस्तीमा क्षति पुर्‍याएकोछ ।बाढीको प्रकोप कयौं नदीमा बढेको छ ।विपद् व्यवस्थापनमा जुटेका सुरक्षाकर्मीहरुले जोखिममा रहेका वस्तीका बासिन्दाहरुलाई अत्यावश्यक कागजातहरु सहित वस्तीबाट सुरक्षित स्थानमा जान आग्रह गरेका छन् ।पहाडी जिल्लाहरुमा भारी वर्षा हुँदा त्यसको ठूलो असर तराई मधेशको वस्तीमा पनि परिरहेको छ ।पहाडी भेगमा हुने भारी वर्षाले माथिल्लो भागदेखि आउने पानीले तल्लो तराई सम्म क्षति पुग्ने गरेको छ ।सरकारले विपद् व्यवस्थापनका टोलीहरुलाई उच्च सतर्कतामा राखेको छ ।जोखिम हुन सक्ने नदीहरुको क्षेत्रमा विपद् व्यवस्थापनमा रहेका सुरक्षाकर्मीहरु आवश्यक उपकरणहरु सहित तैनाथ छन् ।देशमा भारी वर्षा हुने अलर्ट जलवायु तथा मौसम विज्ञान विभागले पहिले देखि नै जारी गरेको थियो ।त्यसलेपनि मानविय लगायतको क्षति कम गर्न धेरै सहयोग मिलेको छ ।तराईमा आइतवार बिहान वर्षा भएपनि मौसम सफा भएकोछ ।तर नदीहरुमा बाढी आउने जोखिम अहिलेपनि उच्च छ ।देशको सबै ठूला नदीहरुमा पानीको वहाव उच्च मापन गरिएकोछ ।नदीहरुमा जलस्तर बढेको र पहाडी भेगमा वर्षा नरोकिएकोले जोखिममा रहेको वस्तीहरुलाई जोगाउने प्रयास जारी राखिएको छ ।मौसम तथा जलवायु विभागले सोमवार सम्म भारी वर्षा, हावाहुरी र बाढीको जोखिम रहेको अलर्ट जारी गरेको छ ।त्यसपछि मौसममा सुधार आउने बताइएको छ ।गत महिना भोटेकोशीमा आएको बाढीले जनधनको ठूलो क्षति गरेको थियो ।त्यसमा एक हजार चार भन्दा बढी मानिसको मृत्यु पुष्टि र पाँच हजार बढी मानिस सम्पर्क बिहिन रहेको सरकारी तथ्यांक छ ।अन्य क्षतिको पूर्ण विवरण यकिन हुन सकेको छैन् ।एउटा भीषण त्रासदीबाट मुक्त नहुँदै अर्को विपद् आइपरेको छ।

# एक टोकाइ, हजारौँ भ्रम र अमूल्य जीवन: रेबिजविरुद्ध कहिले सजग बन्ने हामी?



डा. संजीव कुमार ठाकुर

विश्व भरि २८ सेप्टेम्बर मनाइने विश्व रेबिज दिवस नेपाल मा पनी "एकता मा शक्ति, रेबिज बाट मुक्ति" को नारा सहित विश्व रेविज दिवस मनाइदै छ। यो वर्ष २०८३ मा यो दिवस असोज १२ गते परेको छायो दिवसको मुख्य उद्देश्य रेबिज रोगको रोकथाम, यस विरुद्ध भइरहेको प्रगति र जनचेतना फैलाउनु हो। फ्रान्सेली वैज्ञानिक लुइस पास्चर, जसले पहिलो पटक रेबिज विरुद्धको खोप पत्ता लगाएका थिए, उनको मृत्यु भएको दिनको सम्झनामा यो दिवस मनाउन सुरु गरिएको हो । नेपाल सरकारले सन् २०३० सम्ममा कुकुरको टोकाइबाट हुने रेबिजका कारण मानिसको मृत्यु हुने संख्यालाई शून्य मा पुऱ्याउने लक्ष्य राखेको छ । यो नाराले रेबिज उन्मूलन गर्न समुदाय, पशु स्वास्थ्य र मानव स्वास्थ्य क्षेत्रका सबै निकायहरू एकसाथ मिलेर काम गर्नु पर्ने कुरामा जोड दिएको छ।

रेबिज एक भाइरसजन्य घातक रोग हो, जसले मानिस र स्तनधारी जनावरहरूको केन्द्रीय स्नायु प्रणालीलाई असर गर्छ। एक पटक रेबिजको लक्षण देखा परिसकेपछि यो रोग लागिसकेका बिरामीलाई बचाउन असम्भव जस्तै हुन्छ, त्यसैले यस रोगबारे सही जानकारी हुनु र समयमै सतर्कता अपनाउनु नै यसको एकमात्र उपचार हो।

**उमेर समूह अनुसार मानिसमा रेबिजको जोखिम**

रेबिजको जोखिम सबै उमेर समूहका मानिसलाई भए तापनि बालबालिकाहरू यसको सबैभन्दा उच्च जोखिममा रहन्छन्।

बालबालिका (१५ वर्ष मुनि) : बालबालिकाहरू जनावरसँग बढी खेल्न मन पराउँछन्। जनावरले टोकेको वा चिथोरेको कुरा डरका कारण अभिभावकलाई नभन्न सक्छन्। साथै, उनीहरूको छोटो उचाइका कारण जनावरले अनुहार, टाउको वा घाँटी जस्ता संवेदनशील अंगहरूमा टोक्ने सम्भावना बढी हुन्छ, जहाँबाट भाइरस मस्तिष्कसम्म चाँडै पुग्छ।

वयस्क तथा वृद्धवृद्धा : सडकमा हिँडडुल गर्दा वा पशुपालन गर्दा पशुको सम्पर्कमा आउने भएकाले जोखिम हुन्छ। तर, उनीहरूले टोकेको कुरा तुरुन्तै व्यक्त गर्ने र उपचार खोज्ने हुँदा बालबालिकाको तुलनामा जोखिम व्यवस्थापन सहज हुन्छ।

**पशुको जात र उमेर अनुसारको जोखिम**

रेबिज भाइरस सबै स्तनधारी जनावरहरूमा लाग्न सक्छ। तर केही विशिष्ट जात र उमेरमा यसको जोखिम फरक हुन्छः

जनावरको जात : नेपालको सन्दर्भमा मानिसमा सर्ने रेबिजको ९५% भन्दा बढी स्रोत भुस्याहा तथा घरपालुवा कुकुरहरू हुन्। यसबाहेक बिरालो, स्याल, ब्वाँसो, न्याउरीमुसो, र बाँदर जस्ता जंगली वा अर्ध-जंगली जनावरहरू उच्च जोखिममा पर्छन्। गाई, भैंसी, र बाख्रा जस्ता शाकाहारी जनावरमा पनि यो रोग सर्छ, तर उनीहरूले अरूलाई टोकेर रोग सार्ने सम्भावना निकै कम हुन्छ।

जनावरको उमेर : साना छाउराछाउरी र कम उमेरका जनावरहरूमा प्रतिरोधात्मक क्षमता कम हुने र उनीहरू सजिलै अन्य संक्रमित जनावरको आक्रमणमा पर्ने भएकाले जोखिम बढी हुन्छ। साथै, मानिसहरूले साना छाउराछाउरीले टोक्दा 'यसले के रोग सार्ला र' भनी लापरबाही गर्ने भएकाले पनि जोखिम बढ्छ।

**पशुमा कसरी र कहााबाट सर्छ रेबिज?**

पशुहरूमा यो रोग मुख्यतया बहुलाएको संक्रमित जनावरको टोकाइबाट सर्छ।

सम्पर्क र टोकाइ : जब कुनै रेबिजसंक्रमित जनावर (जस्तै स्याल वा बहुलाएको कुकुर) ले अर्को स्वस्थ जनावरलाई टोक्छ, तब उसको र्‍यालमा रहेको भाइरस टोकेको घाउको माध्यमबाट स्वस्थ जनावरको शरीरमा प्रवेश गर्छ।

र्‍यालको माध्यम :संक्रमित जनावरको र्‍याल स्वस्थ जनावरको काटिएको छाला वा आँखा, नाक, मुखको भित्री झिल्ली (Mucous Membrane) मा परेमा पनि यो रोग सर्न सक्छ।

**रेबिजको चक्र (Cycle) कसरी तोड्न सकिन्छ?**

रेबिजको चक्र तोड्नका लागि पशु र मानिस दुवैको तहमा काम गर्नुपर्छः

सामुदायिक कुकुरहरूको बन्ध्याकरण र खोप : सडकका कुकुरहरूको संख्या नियन्त्रण गर्न बन्ध्याकरण गर्ने र उनीहरूलाई अनिवार्य रूपमा रेबिज विरुद्धको खोप (Mass Dog Vaccination) दिएर यो चक्रलाई सधैंका लागि तोड्न सकिन्छ।

जंगली जनावर र घरपालुवा पशुबीच को दुरी : घरपालुवा जनावरलाई जंगली वा सडकका भुस्याहा जनावरको सम्पर्कमा आउन नदिने।

चेतना अभिवृद्धि : समुदायमा रेबिज लागेको जनावर कस्तो हुन्छ र टोकेपछि के गर्ने भन्नेबारे व्यापक जनचेतना फैलाउने।

यदि तपाईंको जनावरले खोप लगाएको थिएन भनेःयस्तो अवस्थामा जोखिम निकै उच्च हुन्छ। पशु चिकित्सकको सल्लाह अनुसार उसलाई तुरुन्तै एन्टि-रेबिज खोपको पूरा मात्रा दिनुपर्छ र कडा क्वारेन्टाइन (निगरानी) मा राख्नुपर्छ।

**मानिसलाई जोगाउने उपाय**:

जनावरले टोकेमा तुरुन्तै प्राथमिक उपचार :कुनै पनि जनावर (विशेष गरी कुकुर वा बिरालो) ले टोकेमा, चिथोरेमा वा घाउमा चाटेमा तुरुन्तै उक्त ठाउँलाई बग्ने पानी र साबुनले कम्तीमा १५ मिनेटसम्म राम्ररी धुने। यसले धेरै हदसम्म भाइरसलाई नष्ट गर्छ। घाउमा तेल, खुर्सानी वा बेसार जस्ता घरेलु कुराहरू लगाउनु हुँदैन।

तुरुन्तै एन्टि-रेबिज खोप (ARV) : चिकित्सकको सल्लाह अनुसार तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा गई एन्टि-रेबिज खोप (Anti–Rabies Vaccine) को पूरा मात्रा लिनुपर्छ। घाउ गहिरो छ भने इम्युनोग्लोबुलिन (Rabies Immunoglobulin) सुई पनि लगाउनुपर्छ।

सतर्कता : सडकका वा अपरिचित जनावरहरूलाई जथाभाभी गिज्याउने, छुने वा जिस्क्याउने काम नगर्ने।

**रेबिज बाट जोगिन, कुकुर को टोकाई बाट जोगिनु पर्छ यसका लागि निम्न कुराहरू मा विचार गर्नु पर्छ।**



**मानिस र पशुलाई यस रोगबाट कसरी जोगाउने?**

**पशुहरुलाई जोगाउने उपाय**:

नियमित खोप : आफ्ना घरपालुवा कुकुर र बिरालोलाई ३ महिनाको उमेर पुगेपछि अनिवार्य रूपमा रेबिज विरुद्धको खोप लगाउने र प्रत्येक वर्ष यसको बुस्टरडोज दिने।

सुरक्षित राख्ने : घरपालुवा जनावरलाई बाँधेर वा कम्पाउन्ड भित्र सुरक्षित राख्ने, जथाभाभी बाहिर छाडा नछाड्ने।

लक्षण देखिएमा सजगता : यदि कुनै पशुमा अत्यधिक र्‍याल निकाल्ने, बिनाकारण आक्रामक हुने वा असाधारण रूपमा सुस्त हुने जस्ता लक्षण देखिएमा तुरुन्तै पशु चिकित्सकलाई सम्पर्क गर्ने।

घाउलाई तुरुन्तै धुने (प्राथमिक उपचार)

साबुन र बगिरहेको पानीःजनावरको टोकिएको घाउलाई तुरुन्तैकम्तीमा १५ मिनेटसम्म साबुन र बगिरहेको पानीलेराम्ररी धुनुहोस्। यसले घाउमा भएको भाइरसलाई धेरै हदसम्म नष्ट गर्छ।

एन्टिसेप्टिकको प्रयोग : धोइसकेपछि घाउमा पोभिडनआयोडिन वा डिटोल जस्ता कीटाणुनाशक औषधि लगाउनुहोस्।

घाउ खुल्ला छोड्नें।

तुरुन्तै पशु चिकित्सकसँग सम्पर्क गर्ने।

यदिजनावर लाई पहिले नै रेबिज विरुद्ध को खोप लगाइएको छ भन्नेःउसलाई रेबिज विरुद्धको बुस्टरडोज खोप दिनुपर्छ र केही समय निगरानीमा राख्नुपर्छ।

रेबिज नलागेका स्वस्थ कुकुरहरू पनि आफ्नो प्राकृतिक प्रवृत्तिका कारण केही अवस्थामा आक्रामक हुन सक्छन्, जसमा मानिसले सावधानी अपनाउनुपर्छ:।

खाइरहेको वा हड्डी चपाइरहेको बेला : कुकुरले खाना खाइरहेको बेला उसको भाँडो सार्न खोज्ने वा खाना खोस्न खोज्दा उसले आफ्नो खाना रक्षा गर्न अचानक टोक्न सक्छ।

बच्चा (छाउराछाउरी) पाइरहेकी माउ कुकुर : भर्खरै बच्चा जन्माएकी भुस्याहा वा घरपालुवा कुकुरको नजिक जानु वा उसका बच्चाहरूलाई छुन खोज्नु निकै जोखिमपूर्ण हुन्छामाउले आफ्ना बच्चाहरूलाई बचाउन निकै आक्रामक रूपमा आक्रमण गर्न सक्छे।

सुतिरहेको वा आराम गरिरहेको बेला : सुतिरहेको कुकुरलाई अचानक तर्साएर वा जिस्क्याएर उठाउँदा उसले डर वा प्रतिरक्षा (Self–defense) का कारण टोक्न सक्छ।

दुई वा बढी कुकुरहरू लडिरहेको बेला : सडकमा कुकुरहरू आपसमा लडिरहेका छन् भने उनीहरूलाई छुटाउन बीचमा जानु हुँदैन। लडाईंको आवेशमा उनीहरूले आफ्नै मालिक वा अपरिचित मानिसलाई चिन्न सक्दैनन् र टोक्छन्।

बाँधिएको वा खोरमा थुनिएको कुकुर : साङ्लोले बाँधिएको वा खोरमा बन्द गरिएको अपरिचित कुकुरको नजिक जाने वा उसलाई जिस्क्याउने काम गर्नु हुँदैन।

घाइते वा बिरामी कुकुर : बाटोमा दुर्घटनामा परेको वा बिरामी भएको कुकुर दुखाइका कारण छटपटिइरहेको हुन्छ। यस्तो बेला उसलाई छुन वा समात्न खोज्दा आत्मरक्षाका लागि उसले टोक्न सक्छ।

मुख्य सुझावःसडकका भुस्याहा कुकुरहरू समूहमा दौडिरहेको बेला वा उनीहरूले लखेट्दा हतारिएर भाग्नुको सट्टा शान्त भएर एक ठाउँमा उभिनु बढी सुरक्षित हुन्छ। भाग्दा कुकुरले झन् बढी लखेट्ने र टोक्ने सम्भावना रहन्छ।

व्यक्तिगत सुरक्षा अपनाउने (पहिले आफ्नो सुरक्षा)

संक्रमित पशुलाई छुँदा वा उपचार गर्दा उसको र्‍याल तपाईंको काटिएको छाला वा आँखा-मुखमा पर्न सक्छ। त्यसैले टोकिएको जनावरलाई समात्दा वा सफा गर्दा अनिवार्य रूपमा बाक्लो पन्जा लगाउनुहोस् र सावधानी अपनाउनुहोस्।

टोक्ने कुकुरको अवस्था बुझ्ने

यदि सम्भव छ भने टोक्ने कुकुरलाई पनि बाँधेर वा थुनेर१० दिनसम्म निगरानीमा राख्नुपर्छ। यदि त्यो कुकुर १० दिनभित्र मर्दछ वा रेबिजको लक्षण देखाउँछ भने टोकिएको जनावरमा रेबिज सर्ने सम्भावना शतप्रतिशत हुन्छ। (नोटः कुकुरलाई समात्दा आफूलाई नटोकोस् भन्ने कुरामा सजग रहनुहोस्)।

**कुकुरमा रेबिज को शंका लाग्ने अवस्थाहरू**

अत्यधिक र्‍याल काढ्नु वा फिज निकाल्नु : कुकुरको मुखबाट निरन्तर रूपमा बाक्लो र्‍यरल वा फिज निस्किएको छ भने त्यो रेबिजको प्रमुख लक्षण हुन सक्छ। यस्तो अवस्थामा कुकुरको नजिकै जानु हुँदैन।

अस्वाभाविक आक्रामकता : सामान्य अवस्थामा शान्त रहने कुकुर अचानक विनाकारण रिसाउने, भुक्ने, भुइँमा वा हावामा जथाभाभी टोक्न खोज्ने, र ढुङ्गा, लट्ठी वा फलाम जस्ता नखाने वस्तुहरू चपाउन खोज्छ भने सजग हुनुपर्छ।

अस्वाभाविक रूपमा सुस्त हुनु (Dumb Rabies) : रेबिज लागेका सबै कुकुर आक्रामक मात्र हुँदैनन्। केही कुकुरहरू अचानक धेरै सुस्त हुने, अँध्यारो कुनातिर लुक्ने, र मानिस आउँदा पनि कुनै प्रतिक्रिया नजनाई बस्ने गर्छन्। यस्तो अवस्थामा बिरामी ठानेर छुन जानु खतरनाक हुन सक्छ।

हिँडडुल गर्न गाह्रो हुनु वा पक्षाघात (Paralysis) :कुकुरको पछिल्लो खुट्टा लतारिएको छ, हिँड्दा ढलमल गर्छ, वा उसको तल्लो बङ्गारा झुन्डिएको छ र मुख बन्द गर्न सक्दैन भने त्यो रेबिजको अन्तिम चरण हुन सक्छ।

पानी र उज्यालोदेखि डराउनु (Hydrophobia-Photophobia) : कुकुर पानी खान नसकेर वा पानी देख्दा डराएर भाग्ने, र उज्यालो प्रकाश वा चर्को आवाज सुन्दा तर्सिने गर्छ भने सजग हुनुपर्छ।

**निष्कर्ष**:

मानिसमा रेबिज उन्मूलन गर्ने हो भने पहिले जनावरमा रेबिज नियन्त्रण गर्नुपर्छ। यसका लागि मानव स्वास्थ्य, पशु स्वास्थ्य र वातावरणीय स्वास्थ्यलाई एकीकृत रूपमा हेर्ने 'वान हेल्थ' अवधारणालाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याउनु पर्छ । कुकुरहरूमा रेबिज विरुद्धको कम्तीमा ७० प्रतिशत खोप कभरेज पुऱ्याउन सकेको खण्डमा मात्रै समुदायमा रेबिजको चक्र लाई तोड्न सकिन्छ। यसका लागि स्थानीय सरकार ले आफ्नो क्षेत्रभित्रका सडकका कुकुरहरूको उचित व्यवस्थापन, तिनीहरूको बन्ध्याकरण (CNVR – Catch, Neuter, Vaccinate, Release) र रेबिज विरुद्धको आम खोप अभियानलाई रणनीतिक रूपमा अगाडि बढाउनु पर्छ। घरपालुवा जनावर पाल्ने प्रत्येक नागरिकले आफ्ना पशुहरूलाई समयमै खोप लगाउने र जिम्मेवार पशुपालकको भूमिका निर्वाह गर्नु आवश्यक छ।

रेबिज कुनै दैवी प्रकोप वा मत्थर पार्न मिल्ने सामान्य रोग होइन। यो चेतनाको अभाव र व्यवस्थापकीय कमजोरीले निम्त्याउने एउटा शतप्रतिशत रोक्न सकिने मानवीय र पशु स्वास्थ्य सम्बन्धी विपत्ति हो। एउटा सानो असावधानी वा अन्धविश्वासले कसैको अमूल्य जीवन समाप्त हुनु भनेको हाम्रो चेतना को कमि हो। सन् २०३० को संकल्प पूरा गर्ने हो भने हामीले अस्पतालका बेडहरूमा औषधिको खोजी गर्ने मात्र होइन, समाजमा व्याप्त भ्रमको अन्त्य गर्न गाउँ-गाउँ र घर-घरमा चेतनाको उज्यालो फैलाउनु पर्छ। पशु र मानव स्वास्थ्यको यो साझा लडाइँमा आजैदेखि एकाकार बनौँ।

# भोटेकोशीदेखि संयुक्त राष्ट्रसंघसम्म : प्रधानमन्त्री शाहले खोजेको हिमालय कूटनीतिक



रमेश कुमार बोहोरा

यतिबेला अमेरिकाको न्यूयोर्कस्थित संयुक्त राष्ट्रसंघको मुख्य कार्यालयमा जारी ८१औं महासभाको चर्चा छ। विश्वका १९३ सदस्य मुलुकका राष्ट्र तथा सरकार प्रमुख र प्रतिनिधिको सहभागिता रहेको यो विश्व सम्मेलनमा कतिपय मुलुकका आआफ्ना स्वार्थ, अहंकार प्रदर्शन भए पनि कतिपय मुलुकले विश्व व्यवस्थाको कुरा गरे।

यसरी विश्व व्यवस्थाको कुरा साझा गर्ने सरकार प्रमुखमा पर्नुभयो प्रधानमन्त्री बालेन्द्र शाह। भोटेकोशी बाढीको पीडा र त्रास बोकेर न्यूयोर्क पुग्नुभएका उहाँले नेपालको आवाज उठाउँदा त्यसको केन्द्रमा केवल नेपालको पीडा मात्र थिएन, हिमालयको भविष्य र त्यससँग जोडिएको सिंगो मानव सभ्यतामाथि मडारिएको संकट पनि एकसाथ व्यक्त भएको थियो।

सम्बोधनको अधिकांश समय जलवायु परिवर्तन र विश्व व्यवस्थामा देखापरेका स्वार्थपनका बारेमा चर्चा गर्नुभएका प्रधानमन्त्री शाहले भोटेकोशी-त्रिशूली क्षेत्रमा भएको विनाशकारी बाढीलाई नेपालको स्थानीय विपद्का रूपमा मात्र प्रस्तुत नगरी जलवायु संकटको विश्वव्यापी चेतावनीका रूपमा अघि सार्दै जलवायु न्याय, जलवायु वित्त, खाद्य सुरक्षा, मानव सुरक्षा, अन्तर्राष्ट्रिय सहकार्य र बदलिँदो विश्व व्यवस्थामाथि गम्भीर प्रश्न उठाउनुभयो।

सम्बोधनको सबैभन्दा अर्थपूर्ण पक्ष नेपाल-भारत-चीनबीच 'हिमालयन क्लाइमेट रेजिलियन्स मेकानिज्म' निर्माण गर्ने प्रस्ताव हो। यो प्रस्ताव कार्यान्वयनमा जान सके हिमालयलाई राजनीतिक सीमाले छुट्याएको संवेदनशील भूभागका रूपमा मात्र होइन, साझा वैज्ञानिक सूचना, पूर्वसूचना, विपद् व्यवस्थापन र जलवायु सहकार्यको क्षेत्रका रूपमा विकास गर्ने आधार बन्न सक्छ।

तर, प्रस्ताव राख्नु र त्यसलाई संस्थागत संयन्त्रमा रूपान्तरण गर्नु फरक विषय हुन्। अब नेपालको कूटनीतिक क्षमता, भारत र चीनको इच्छाशक्ति तथा अन्तर्राष्ट्रिय समुदायको सहयोगले यो प्रस्तावको वास्तविक भविष्य निर्धारण गर्नेछ।

प्रधानमन्त्री शाहले संयुक्त राष्ट्रसंघमा बोल्दै आफू नेपालबाट एउटा 'नजिकको चेतावनी' बोकेर आएको बताउनुभयो। केही साताअघि हिमाली क्षेत्रमा आएको विनाशकारी बाढीले जनधन, सडक, पुल, घर, विद्यालय, कृषि तथा जीविकोपार्जनमा पुऱ्याएको क्षतिलाई उहाँले जलवायु संकटको परिणामसँग जोड्नुभयो।

विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान ०.१ प्रतिशतभन्दा कम रहेको उल्लेख गर्दै जलवायु संकट सिर्जना गर्न नेपालको भूमिका न्यून भए पनि त्यसको असर नेपालले असमान रूपमा भोगिरहेको तर्क उहाँले राख्नुभयो।

यहीँबाट नेपालको जलवायु कूटनीतिको मूल प्रश्न उठ्छ, नेपालले आफ्नो पीडा सुनाएर मात्र अन्तर्राष्ट्रिय सहयोग खोज्ने कि आफ्नो भौगोलिक अवस्थालाई विश्वव्यापी नीतिगत बहसमा प्रभावकारी रूपमा प्रयोग गर्ने रु शाहको सम्बोधनले दोस्रो बाटो रोज्ने संकेत गरेको देखिन्छ।

उहाँले जलवायु परिवर्तनलाई केवल वातावरणीय विषयमा सीमित नराखी विकास, अर्थतन्त्र, पूर्वाधार, मानव सुरक्षा र अन्तर्राष्ट्रिय न्यायसँग जोड्नुभएको छ। हिमाली क्षेत्रमा हुने एउटा ठूलो विपद्ले वर्षौंको विकास उपलब्धि केही घण्टामै नष्ट गर्न सक्ने भएकाले जलवायु संकट नेपालका लागि विकास संकटसमेत भएको उहाँको तर्क थियो।

र, 'हिमालयन क्लाइमेट रेजिलियन्स मेकानिज्म' प्रस्तावले विशेष अर्थ राख्छ। हिन्दुकुश हिमालय क्षेत्र करिब दुई अर्ब मानिसको पानी, कृषि, पारिस्थितिक प्रणाली र जीविकोपार्जनसँग जोडिएको क्षेत्र भएको उल्लेख गर्दै प्रधानमन्त्री शाहले नेपाल, भारत र चीनको नेतृत्वमा यस्तो संयन्त्र निर्माण गर्न प्रस्ताव गर्नुभयो।

यसको सम्भावित कार्यक्षेत्रमा स्याटेलाइट तथ्यांक र वैज्ञानिक विशेषज्ञताको आदानप्रदान, जोखिमयुक्त हिमतालको अनुगमन, साझा पूर्वसूचना प्रणाली तथा विपद्का बेला सीमापार सहयोगको समन्वय पर्न सक्छ।

यस प्रस्तावको सबैभन्दा ठूलो शक्ति यसको साझा हितमा छ। नेपालका हिमताल वा हिमनदीमा आएको परिवर्तन नेपालमै सीमित रहँदैन। हिमाली क्षेत्रमा उत्पन्न बाढी, पहिरो, हिमताल विस्फोट वा नदी प्रणालीमा आएको असामान्य परिवर्तनले सीमापार भारत र चीनका भूभागलाई समेत असर पार्न सक्छ। त्यसैले जलवायु जोखिमसम्बन्धी सूचना एउटा देशभित्र सीमित राख्नुभन्दा समयमै साझा गर्ने प्रणाली सबै पक्षको हितमा हुन्छ।

तर यही प्रस्तावको सबैभन्दा ठूलो चुनौती पनि यहीँ छ। नेपाल, भारत र चीनबीच संवेदनशील सीमा, सुरक्षा, तथ्यांक आदानप्रदान र रणनीतिक विश्वासका आफ्नै प्रश्न छन्। जलवायु सहकार्यलाई राजनीतिक अविश्वासबाट अलग राखेर अघि बढाउन सकिन्छ कि सकिँदैन भन्ने प्रश्न अब महत्त्वपूर्ण हुनेछ।

स्याटेलाइट तथ्यांक साझेदारी वा सीमापार पूर्वसूचना प्रणाली प्राविधिक विषय मात्र होइनस यसमा सुरक्षा, सार्वभौमिकता र संवेदनशील सूचनाको प्रश्न पनि जोडिन सक्छ। त्यसैले प्रस्तावलाई सफल बनाउन उच्चस्तरीय राजनीतिक सहमतिसँगै स्पष्ट प्रोटोकल, वैज्ञानिक संस्थाबीच प्रत्यक्ष सहकार्य र पारदर्शी कार्यविधि आवश्यक हुनेछ।

अहिले जलवायु परिवर्तनको सर्वाधिक असर नेपालले भोगिरहेको देखिए पनि यससंगै प्रभावित हुने चीन र भारत पनि हुन्। चीन नेपालको हिमाली सीमा हो भने भारत हिमालबाट बग्ने नदीहरुको पुग्ने क्षेत्र हो। यस अर्थमा नेपालको प्रस्ताव नेपालका लागि मात्र होइन, चीन र भारतका लागि पनि हितकारी छ।

शाहको सम्बोधनको अर्को महत्वपूर्ण पक्ष जलवायु न्याय र वित्तसँग सम्बन्धित थियो। नेपालजस्ता कमजोर तथा बढी प्रभावित मुलुकलाई विपद्पछि राहत र पुनर्निर्माणका लागि ऋणमै निर्भर गराउने प्रणालीप्रति उहाँले प्रश्न उठाउँदै पर्याप्त अनुदानमा आधारित सहयोगको माग गर्नुभयो। जलवायु वित्त प्राप्त गर्ने प्रक्रिया अत्यधिक जटिल र प्रक्रियामुखी भएको भन्दै उहाँले 'घरमा आगो लागेको बेला ५० वटा फाराम भर्न लगाएर बसिँदैन' भन्ने उदाहरण प्रस्तुत गर्नुभयो।

यसको अर्थ केवल नेपाललाई थप पैसा चाहियो भन्ने होइन। यसले जलवायु वित्तको विद्यमान संरचनामाथि प्रश्न उठाएको छ। जलवायु संकटबाट बढी प्रभावित मुलुकले आफ्नो सीमित स्रोत पुनःपुनः विपद् पुनर्निर्माणमा खर्च गरिरहनुपर्दा विकासका लक्ष्य पछाडि धकेलिन्छन्। एउटा विपद् व्यवस्थापन गर्न लिएको ऋण अर्को विपद्ले थपिँदै जाँदा गरिब देशहरू ऋणको चक्रमा फस्ने जोखिम रहन्छ। त्यसैले जलवायु वित्तलाई राहतभन्दा दीर्घकालीन उत्थानशीलता निर्माणसँग जोड्ने बहस नेपालका लागि रणनीतिक महत्त्वको विषय हो।

तर, अन्तर्राष्ट्रिय मञ्चमा माग राख्नु मात्र पर्याप्त हुँदैन। नेपालले प्राप्त हुने सम्भावित जलवायु वित्तको पारदर्शी उपयोग, परियोजनाको गुणस्तर, जोखिमको वैज्ञानिक मूल्याङ्कन, स्थानीय तहको क्षमता तथा परिणाम मापन गर्ने प्रणाली बलियो बनाउनुपर्ने हुन्छ। अन्तर्राष्ट्रिय समुदायसँग जिम्मेवारी माग गर्दा नेपालले पनि आफ्नै संस्थागत जवाफदेहिता प्रमाणित गर्नुपर्ने अवस्था छ।

प्रधानमन्त्री शाहले विश्व व्यवस्थाको प्राथमिकतामाथि पनि प्रश्न उठाउनुभयो। युद्धका लागि हतियार र सैन्य सामग्री छोटो समयमा विश्वको जुनसुकै कुनामा पुऱ्याउन सक्ने अन्तर्राष्ट्रिय प्रणालीले किसानलाई मल, इन्धन र आवश्यक सामग्री सहज रूपमा उपलब्ध गराउन किन नसक्ने भन्ने उहाँको प्रश्न थियो।

उहाँले मानव सुरक्षालाई सैन्य सुरक्षाभन्दा फराकिलो अर्थमा हेर्नुपर्ने धारणा राख्दै विकास, रोजगारी, खाद्य सुरक्षा तथा मानिसलाई भय र अभावबाट मुक्त गर्ने विषयलाई अन्तर्राष्ट्रिय सुरक्षाको बहससँग जोड्नुभयो।

यो बहस नेपालको परम्परागत परराष्ट्र प्राथमिकताभन्दा केही फराकिलो छ। नेपालले आफ्नो राष्ट्रिय हितलाई विश्वव्यापी मानव सुरक्षा, जलवायु न्याय र बहुपक्षीयताको बहससँग जोड्न खोजेको देखिन्छ। यसले साना तथा विकासशील मुलुकको आवाजका रूपमा नेपाललाई आफ्नो कूटनीतिक स्थान विस्तार गर्ने अवसर दिन सक्छ। तर यस्तो कूटनीतिक पहलकदमीलाई निरन्तरता दिन सरकारको संस्थागत तयारी, परराष्ट्र मन्त्रालयको सक्रियता र अन्तर्राष्ट्रिय साझेदारसँग निरन्तर संवाद आवश्यक हुन्छ।

शाहले नेपालको पछिल्लो राजनीतिक परिवर्तनलाई पनि नयाँ पुस्ताले खोजेको इमानदारी, जवाफदेहिता, रोजगारी, सामाजिक सुरक्षा र स्वदेशमै अवसरसँग जोड्नुभयो। यसरी उहाँको सम्बोधन जलवायु र परराष्ट्र नीतिमा मात्र सीमित रहेन, 'नयाँ नेपाल' निर्माणको आन्तरिक राजनीतिक सन्देशलाई पनि अन्तर्राष्ट्रिय मञ्चमा पुऱ्याउने प्रयासका रूपमा देखियो।

तर अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरिएको जवाफदेहिताको प्रतिबद्धताको वास्तविक परीक्षा नेपालभित्रै हुनेछ। सुशासन, सार्वजनिक खर्चको पारदर्शिता, भ्रष्टाचार नियन्त्रण, सुरक्षित पूर्वाधार र नागरिक सेवाको गुणस्तरमा।

प्रधानमन्त्रीले विपद् आएपछि प्रतिक्रिया दिने पुरानो शैलीबाट बाहिर निस्केर पूर्वतयारी, पूर्वसूचना, सुरक्षित पूर्वाधार, बीमा, प्रविधि र नवप्रवर्तनमा आधारित विपद् व्यवस्थापन प्रणाली आवश्यक रहेको पनि बताउनुभयो। यो विषय नेपालका लागि भाषणभन्दा बढी व्यवहारिक आवश्यकता हो। प्रत्येक वर्ष बाढी, पहिरो, हिमपहिरो र अन्य प्राकृतिक विपद्को जोखिम बढ्दै जाँदा विपद् व्यवस्थापनलाई राहत वितरणको विषयमा मात्र सीमित राख्न सकिँदैन।

नेपालले अब यस सम्बोधनलाई कूटनीतिक दस्तावेजभन्दा कार्ययोजनामा बदल्नुपर्ने आवश्यकता छ। पहिलो, प्रस्तावित हिमालयन क्लाइमेट रेजिलियन्स मेकानिज्मका लागि भारत र चीनसँग औपचारिक संवाद अघि बढाउनुपर्छ। दोस्रो, हिमताल, हिमनदी, मौसम र नदी प्रणालीसम्बन्धी वैज्ञानिक तथ्यांकलाई एउटै राष्ट्रिय डिजिटल प्रणालीमा व्यवस्थित गर्नुपर्छ। तेस्रो, सीमापार पूर्वसूचना प्रणालीका लागि प्राविधिक संयन्त्र निर्माण गर्नुपर्छ। चौथो, जलवायु वित्तमा नेपालले अनुदानमा आधारित सहयोग प्राप्त गर्न सक्ने परियोजना र संस्थागत संरचना तयार गर्नुपर्छ। पाँचौं, विपद् जोखिम न्यूनीकरणलाई विकास आयोजना निर्माणकै चरणदेखि अनिवार्य बनाउनुपर्छ।

यससँगै भारत र चीनको भूमिका पनि निर्णायक हुनेछ। हिमालय दुवै ठूला छिमेकीको पर्यावरणीय र आर्थिक हितसँग जोडिएको छ। नेपालले प्रस्ताव गरेको संयन्त्रलाई केवल नेपालको पहलका रूपमा होइन, साझा हिमालयको जोखिम व्यवस्थापन गर्ने क्षेत्रीय संरचनाका रूपमा बुझ्न सकिएमा यसको प्रभावकारिता बढ्न सक्छ। दक्षिण एसियाका अन्य मुलुकहरूका लागि पनि हिमालयबाट उत्पन्न हुने पानी, मौसम, नदी र खाद्य सुरक्षाको प्रश्न प्रत्यक्ष सरोकारको विषय हो।

अन्तर्राष्ट्रिय समुदायका लागि पनि अब प्रश्न स्पष्ट छ। नेपालको चेतावनीलाई अर्को एउटा भाषणका रूपमा लिने कि त्यसलाई ठोस सहकार्यमा बदल्ने ? संयुक्त राष्ट्रसंघकै उच्चस्तरीय 'सगरमाथादेखि समुद्रसम्म' कार्यक्रमले हिमालयदेखि समुद्रसम्म जोडिएको जलवायु संकटबारे बहस अघि बढाएको छ। संयुक्त राष्ट्रसंघका महासभा अध्यक्षले समेत हिमालय र समुद्रलाई एउटै अन्तरसम्बन्धित जलवायु संकटका रूपमा प्रस्तुत गरेका छन्।

# पूर्वप्रधान्यायाधीश जबरा पक्राउप्रति एमालेको आपत्ति



**टुडे समाचारदाता**

काठमाण्डु।पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई प्रहरीले महाराजगञ्जस्थित निवासबाट मध्यराति बिना कुनै प्रमाण पक्राउ गरेकोमा नेकपा एमालेका महासचिव शंकर पोखरेलले आपत्ति जनाएका छन् ।

महासचिव पोखरेलले जबराको पक्राउ नेपालको प्रचलित कानून र न्याय प्रणालीको गम्भीर उल्लंघन भएको बताएका छन् ।

सामाजिक सञ्जाल फेसबुकमा लेख्दै पोखरेलले यस्तो कार्य संविधान, लोकतान्त्रिक व्यवस्था र विधिको शासनको मर्मविपरीत भएको उल्लेख गर्दै गलत र स्वेच्छाचारी कार्यलाई समर्थन गर्नु तानाशाही प्रवृत्तिलाई प्रश्रय दिनु भएको टिप्पणी गरेका छन् । महासचिव पोखरेलले सबैलाई गलत कामको खबरदारी गर्नसमेत आग्रह गरेका छन् ।

पूर्वप्रधानन्यायाधीश जबरालाई गएराति काठमाण्डु उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले महाराजगञ्जस्थित निवासबाट पक्राउ गरेको छ ।

हालसम्म प्रहरीले उनलाई कुन कसुरमा पक्राउ गरिएको हो भन्ने विस्तृत विवरण सार्वजनिक गरेको छैन ।

# 'सेवा प्रवाहमा उत्कृष्टता ल्याउन प्रतिष्ठानको भूमिका महत्त्वपूर्ण'

ललितपुर । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा गुणाकर भट्टले सरकारी सेवामा क्रियाशील कर्मचारीहरूको दक्षता, सीप र ज्ञानको अभिवृद्धिमा काम गर्दै सेवा प्रवाहमा उत्कृष्टता ल्याउन नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभएको छ ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले आइतबार यहाँ आयोजना गरेको आफ्नो ४४औँ वार्षिकोत्सव एवं कर्मचारी पुनःमिलन कार्यक्रममा उपाध्यक्ष डा भट्टले प्रतिष्ठान महत्त्वपूर्ण प्रज्ञिक थलोका रुपमा रहेको भन्दै आजभन्दा ४४ वर्ष अगाडि दूरदर्शी सोचका साथ प्रतिष्ठानको स्थापना गरिएको बताउनुभयो ।

"अनुसन्धान, विकास र नवप्रवर्तनमा हुने लगानी आर्थिक वृद्धि र समृद्धिको प्रमुख आधार हो, विश्व अर्थतन्त्रमा नेतृत्व गरिरहेका मुलुकहरूको सफलतामा अनुसन्धान तथा नवप्रवर्तनमा गरिएको लगानीको महत्त्वपूर्ण भूमिका रहेको छ । त्यसैले प्रशिक्षण तथा अध्ययन गराउने संस्थाले कस्तो ज्ञान र सोच भएका प्रशासक तयार गर्छ भन्ने विषय प्रत्यक्ष रूपमा सार्वजनिक सेवा प्रवाहसँग जोडिन्छ", उपाध्यक्ष डा भट्टले भन्नुभयो ।

अनुसन्धान र नवप्रवर्तनले नै विश्व अगाडि बढिरहेको उल्लेख गर्दै उहाँले प्रशासकलाई दिइने शिक्षा र दृष्टिकोणले नागरिकप्रतिको व्यवहार तथा सरकारी नीतिमा प्रभाव पार्ने बताउनुभयो । इतिहासमा माल्थस र रिचर्ड जोन्सबाट प्रशिक्षित प्रशासकहरूको फरक दृष्टिकोणले भारतमा भोकमरी, खडेरी र नागरिकप्रतिको सरकारी व्यवहारमा फरक प्रभाव पारेको उदाहरण प्रस्तुत गर्दै उपाध्यक्ष डा भट्टले प्रशिक्षणमा नागरिकप्रतिको संवेदनशीलता आवश्यक रहेको उल्लेख गर्नुभयो ।

"उच्च आर्थिक वृद्धि र समृद्धिका लागि प्रभावकारी सरकारी सेवा प्रवाह अपरिहार्य छ, प्रशिक्षण संस्थाले योग्य, अनुशासित, आचरणयुक्त र नागरिकप्रति संवेदनशील जनशक्ति उत्पादन गर्नुपर्ने छ", उहाँले भन्नुभयो ।



त्रिभुवन विश्वविद्यालयका उपकुलपति डा भोला थापाले सार्वजनिक सेवामा चुस्तता ल्याउने सन्दर्भमा विश्वविद्यालयसँग प्रतिष्ठानलाई जोडेर कार्यक्षमता अभिवृद्धि गर्ने काममा जोड दिएर लाग्ने बताउनुभयो । उहाँले प्रतिष्ठान र विश्वविद्यालयले हासिल गरेका अनुभव र सिकाइ एकअर्कामा आदानप्रदान गरेर अध्ययन अनुसन्धानमा ध्यान दिएर लाग्ने उल्लेख गर्दै त्रिभुवन विश्वविद्यालय र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबीच रचनात्मक सहकार्य हुने बताउनुभयो ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव मदन भुजेलले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको व्यवस्थापन र सफलतामा प्राध्यापक तथा कर्मचारीको भूमिका सकारात्मक छ भन्दै आइएसओ प्रमाण-पत्र प्राप्त गर्न सफल भएकोमा आभार व्यक्त गर्नुभयो । उहाँले प्रतिष्ठान नेतृत्व विकास र व्यवस्थापनमा उत्कृष्टताको केन्द्र हुन सकोस् भन्दै दक्ष जनशक्ति उत्पादनमा सक्षम बनाउनका लागि मन्त्रालयले सक्दो सहयोग तथा समन्वय गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । प्रतिष्ठानले अन्य तालिम केन्द्रसँग समन्वय गरेर नेतृत्वदायी भूमिका निर्वाह गर्न सकोस् भन्दै सचिव भुजेलले सरकार, विश्वविद्यालय र प्रतिष्ठानबीच सहकार्यका लागि मन्त्रालय तयार छ भन्नुभयो ।

पूर्वकार्यकारी निर्देशक डा राजन खनालले विभिन्न जिम्मेवारीमा रहेर पाठ्यक्रम सुधार र सिकाई पद्धतिमा सुधार गरेको जानकारी गराउनुभयो । नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका निमित्त कार्यकारी निर्देशक वसन्तराज सिग्देलले मानवीय ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्दै सार्वजनिक सेवा प्रवाहमा नविनता ल्याउन समन्वय र सहकार्यका आधारमा कार्यहरू गर्दै आइरहेको जानकारी गराउँदै यसलाई अझै परिस्कृत गर्द जाने प्रतिबद्धता जनाउनुभयो । सो अवसरमा पूर्वकार्यकारी निर्देशक डा खनालसहित विभिन्न कर्मचारीहरुलाई सम्मान र प्रतिष्ठानले अध्ययन, अनुन्धानमा आधारित भएर प्रकाशन गरेको पुस्तक विमोचनसमेत गरिएको थियो । रासस

# 'सहकारीलाई नियमन गर्ने कानुन बनाउन खोज्दा सत्तामा बस्नेहरूले नै तगारो हाले'

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले राज्यसत्तामा बसेकाहरू नै सहकारी ठगसित मिल्दा सहकारी ऐन बन्न नसकेको बताएका छन् ।

तत्कालीन सहकारी तथा गरिबी निवारणमन्त्री रहेका पूर्वउपप्रधानमन्त्री केसीले सहकारीलाई नियमन गर्न आफूले २०७२ सालमा ऐन ल्याउन खोज्दा राज्यसत्तामा बसेकाहरूले नै अवरोध गरेको स्मरण गरेका छन् ।


जनमोर्चाका महासचिव मनोज भट्टद्वारा लिखित पुस्तक 'सहकारीमा ठगीको जालो' को समीक्षा कार्यक्रममा केसीले भने, '२०७२ सालमा ऐन बनाउन खोज्दा राज्यसत्तामा बसेकाहरू नै सहकारी माफियासित मिले। त्यसैले गर्दा ऐन बनेन ।'

ऐन नबन्दा सहकारीको नियमन हुन नसकेको र सर्वसाधारणको अर्बौं रुपियाँ हिनामिना भएको केसीले बताए ।

'सहकारी ऐन बनाउन खोज्दा राज्यसत्तामा बसेकाहरूले नै तगारो हाले' उनले भने, 'सहकारी माफियाहरू सहकारीको नाममा हालीमुहाली गरिरहेका थिए। उनीहरू सहकारी सिद्धान्तको विरुद्धमा काम गरिरहेका थिए ।'

केसीले ठोस सहकारी ऐन आयो भने सत्तामा बस्नेहरूलाई नै समस्या पर्ने भएकाले ऐन बनाउन नदिइएको स्पष्ट पारेका छन् ।

अहिले सरकारमा बसेकाहरूमध्ये पनि कतिपय सहकारी ठगी गरेर आएका उनले आरोप लगाए।



अहिलेको सरकारले पनि पहिले र अहिलेका सहकारी ठगलाई सघाइरहेको आरोप अध्यक्ष केसीले लगाए ।

जसले सहकारी ठगीको आरोप खेपिरहेको छ, तिनैसँग सहकारीपीडितले न्यायको आशा गर्नु विडम्बनाको विषय भएको उनको भनाइ थियो ।

पार्टी निकट लेखक साहित्यकारहरूको संगठन 'सिर्जना डबली' ले आयोजना गरेको समीक्षा कार्यक्रममा पुस्तकका लेखक मनोज भट्टले राजनीतिक संरक्षण रहेका कारण सहकारी ठगहरूविरुद्ध प्रभावकारी कारबाही हुन नसकेको बताएका थिए ।

# मुख्यमन्त्री थापाद्वारा शंखधर साख्वा संग्रहालयको अवलोकन



भक्तपुर । बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगर तथा प्रदेशका उद्योग, पर्यटन, श्रम तथा यातायातमन्त्री राजेन्द्र प्रजापतिले आज राष्ट्रिय विभूति शृंधर साख्वाः सङ्ग्रहालयको अवलोकन गर्नुभएको छ ।

मध्यपुरथिमि शंखधर चोकस्थित राष्ट्रिय विभूति शृंधर साख्वाः प्रतिष्ठानले सञ्चालन गरेको सङ्ग्रहालयको मुख्यमन्त्री थापाले अवलोकन गर्दै साख्वाःको योगदानकाबारेमा जानकारी लिनुभएको थियो । उहाँले शत्त धर साख्वाःको योगदानलाई देशभर फैलाउँदै नेपाल संवत समग्र नेपालीहरुको संवत भएको प्रचार गर्नु आवश्यक रहेको बताउनुभयो ।

मन्त्री प्रजापतिले नेपाल सम्बत र शंखधर साख्वाःको योगदानको संचालित गतिविधि चासो दिनु भएको थियो । अवलोकन गर्न जानुभएका प्रतिनिधिसभा सदस्य मदनकृष्ण श्रेष्ठ, प्रदेश पर्यटन मन्त्रालयका सचिव दीपेन्द्र सुबेदीलगायतलाई प्रतिष्ठानका अध्यक्ष ज्ञानराम प्रजापतिले शत्त धर साख्वाःको योगदानका बारेमा जानकारी गराउनु भएको थियो । उहाँले तीन तहकै सरकारले साख्वाःको संग्रहालयको बिस्तार गर्न आग्रह गर्नुभयो । रासस

# समानान्तर महाधिवेशनतर्फ देउवा समूह

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको पूर्वसभापति शेरबहादुर देउवा समूहले क्रियाशील सदस्यताको विवरण केन्द्रीय निर्वाचन समितिलाई बुझाएको छ ।

सम्पर्क कार्यालय चुनदेवीमा पत्रकार सम्मेलन गरेर क्रियाशील सदस्यताको विवरण निर्वाचन समितिलाई हस्तान्तरण गरेको छ ।

०८२ पुस मसान्तसम्म नवीकरण गरेका क्रियाशील सदस्य ७ लाख ८३ हजार ८ सय ३६ रहेको जनाएको छ । देउवा समूहले सदस्यता वितरणका लागि नयाँ वेबसाइट पनि आइतबार बाट नै सञ्चालनमा ल्याएको छ ।



छुटेका व्यक्तिले असोज १५ गतेभित्र क्रियाशील सदस्यता प्राप्त गर्न सक्ने व्यवस्था मिलाएको नेता नेता प्रकाशशरण महतले बताए ।

आफूहरूले असोज १५ गतेबाटै वडा अधिवेशन सुरु गर्न लागेको बताए । उनका अनुसार केन्द्रीय महाधिवेशन मंसिर २१ देखि २३ गते काठमाडौंमा हुँदै छ ।

महतले भने, 'हामीले एकताको महाधिवेशनका लागि प्रयास गरेका थियौँ तर सबै ढोका खुला राखेर प्रयास गर्दा पनि सम्भव नभएपछि छोटो समयमै अधिवेशन सम्पन्न गर्नुपर्ने अवस्था आयो ।'

# जेठी श्रीमतीबारे अध्यक्ष साम्पाङले दिए प्रष्टीकरण

**टुडे समाचारदाता**

विराटनगर । श्रम-संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले दुई श्रीमतीको प्रसंगमा सार्वजनिक प्रष्टीकरण दिएका छन् । उनले जेठी श्रीमतीसँग कानूनीरूपमा पहिल्यै अलग भइसकेको बताए ।

साम्पाङले जेठी पत्नी दिलमाया राईलाई कुटपिट गरी घरबाट निकाला गरेको भन्दै सुनसरी



जिल्लामा परेको मुद्दाको फैसला अहिले सामाजिक सञ्जालमा भाइरल भइरहेको छ । दिलमायाले २०७३ असोज ६ गते सुनसरी जिल्ला अदालतमा मुद्दा दायर गरेकी थिइन् । उनको फिराद पत्रमा न्यायाधीश मणिराम न्यौपानेको इजलासले २०७६ असार १२ गते फैसला गरेको थियो ।

फैसलामा साम्पाङका दाजुभाइसहित सगोल सम्पत्ति पाँच अंशियार कायम गरी एक अंश जेठी पत्नी दिलमाया राईलाई छुटाउनुपर्ने ठहर छ । अदालतद्वारा सम्पत्ति पाँच भाग लगाएर साम्पाङको भागमा पर्ने एक हिस्सालाई उनी, पत्नी दिलमाया र छोरी एलिसाबीच ३ भाग लगाएर दिलमायालाई त्यसको एक भाग अंश दिनुपर्ने फैसलामा उल्लेख छ ।

अदालतले नाता, पुस्तावली तथा पेस भएका प्रमाणहरू अध्ययन गरी हर्क, उनका दाजुहरू आशय कुमार राई र एकराज राई, आमा जसमाया राई, धनकुमारी राई गरी ५ अंशियार कायम गरेको हो ।

दिलमायाको फिराद पत्रमा वैवाहिक जीवन सुरु भएदेखि नै पति हर्कराजसँग झैँझगडा र कुटपिट गर्ने गरेको दावी गरेकी छन् । हर्कराजले परस्त्रीसँग नाजायज सम्बन्ध राखेको आरोप समेत फिराद पत्रमा लगाइएको थियो । हर्क वैदेशिक रोजगारीमा गएको र विदेशबाट फर्किएर पनि आफूमाथि हिंसा गरेको उनको आरोप छ ।

फिरादपत्रमा प्रहरीमा रिपोर्ट गरेपछि हर्कराजले 'के गर्नु पर्छ गर, कहाँ जानु पर्छ जा, तँलाई घरमा बस्न दिन्न, खान लाउन पनि दिन्न' भन्दै कुटपिट गरी घरबाट निकाला गरेको उल्लेख छ ।

दिलमाया हाल वैदेशिक रोजगारीमा गएकी छन् । लामो समय उनी दुबई बसेको र अहिले इजरायल पुगेको बताइन्छ । उनकी छोरी भने धरानमा बस्दै आएकी छन् ।

सम्पाङले मानिसको आ-आफ्नै विगत हुने भन्दै जेठी श्रीमतीलाई आफूले घरेलु हिंसा नगरेको बताएका छन् । सामाजिक सञ्जालमा आहिले भाइरल भएको अदालतको फैसला र जेठी श्रीमती दिलमाया राईले लगाएको आरोप सबै मिथ्या भएको उनको दाबी छ ।कन्टेन्ट क्रिएटरहरूसँग कुरा गर्दै आफू प्रश्नहरूबाट नभाग्ने उनले बताए ।

हर्कले भने, 'मैले १२ वर्ष पर्खँदा पनि डिभोर्स नै गर्न चाहेकाले उहाँको इच्छा अनुसार नै छुट्टिएका हौं । यो आजभन्दा करिब २० देखि २५ वर्ष अघिको कुरा हो ।'

१२ वर्षको लामो पर्खाइपछि पुनः मिलनको प्रस्ताव राख्दा जेठी श्रीमतीले अस्वीकार गर्दै मुद्दाहरू दर्ता दायर गरेको उनले बताए । छोरीको जिम्मेवारी र हेरचाह नगरेको भनेर सामाजिक सञ्जालमा उठेका प्रश्नप्रति उनले छोरीलाई आफैँले पढाएको र विवाह नभएसम्म आफैँसँग राखेर हुर्काएको प्रष्ट पारे ।

# पर्यटन विकासका लागि अन्तरमन्त्रालय समन्वय आवश्यक छः पर्यटनमन्त्री

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले नेपालको पर्यटन विकासलाई प्रभावकारी बनाउन अन्तरमन्त्रालय समन्वय आवश्यक रहेको बताउनुभएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालयले ४७औँ विश्व पर्यटन दिवसका अवसरमा आइतबार यहाँ आयोजना गरेको कार्यक्रममा उहाँले पर्यटन विकासलाई प्रभावकारी बनाउन अन्तरमन्त्रालय समन्वय, सरकारी संस्थाको क्षमता अभिवृद्धि र निजी क्षेत्रसँगको निरन्तर सहकार्य आवश्यक रहेको बताउनुभएको हो ।




पर्यटनमन्त्री पौडेलले पर्यटन विकासलाई एउटै मन्त्रालयको प्रयासबाट मात्र अघि बढाउन नसकिने भएकाले सरकारका विभिन्न निकायबीच प्रभावकारी समन्वयमा आफूले निरन्तर जोड दिँदै आएको उल्लेख गर्नुभयो । उहाँले पर्यटन क्षेत्रसँग सम्बन्धित सरकारी संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने सरकारको योजना रहेको भन्दै बदलिँदो पर्यटन परिवेशअनुसार संस्थागत क्षमता र सेवा प्रवाहलाई सुदृढ बनाउनुपर्नेमा जोड दिनुभयो ।

मन्त्री पौडेलले नेपालको मौलिक संस्कृति, परम्परा र समुदायमा आधारित जात्रा तथा पर्वहरू पर्यटनका महत्वपूर्ण आधार भएका बताउनुभयो । पुस्तौँदेखि चलिआएका जीवन्त सामुदायिक जात्रा तथा सांस्कृतिक गतिविधिको संरक्षण र प्रवर्द्धनलाई पर्यटन विकाससँग जोड्नुपर्ने उहाँको भनाइ छ ।

उहाँले हिमालयलाई नेपालको मात्र नभई यस क्षेत्रकै पवित्र प्राकृतिक सम्पदाका रूपमा लिँदै हिमालबाट उत्पन्न नदीले यस क्षेत्रका करोडौँ मानिसको जीवनयापनमा योगदान पुऱ्याइरहेको उल्लेख गर्नुभयो । हिमाली सम्पदाको संरक्षणसँगै त्यसको दिगो पर्यटन उपयोगमा पनि ध्यान दिनुपर्ने उहाँले उल्लेख गर्नुभयो ।

मन्त्री पौडेलले विद्यमान कानुन तथा नियमावलीमा देखिएका कमी-कमजोरी सुधार गर्न निजी क्षेत्रबाट प्राप्त सुझाव र प्रतिक्रिया सरकारका लागि महत्वपूर्ण हुने बताउनुभयो ।

कार्यक्रममा नेपाल पर्यटन बोर्डका निमित्त प्रमुख कार्यकारी अधिकृत सन्तोष पन्तले भोटेकोशी बाढीबाट पर्यटन क्षेत्रले पाएको गम्भीर पाठलाई डिजिटल प्रविधिको प्रयोगसँग जोड्नुपर्ने बताउनुभयो ।


उहाँले हालैको भोटेकोशी बाढीका कारण लाङटाङ जाने नियमित पहुँचमार्ग तथा आवास सुविधामा क्षति पुग्दा पर्यटन क्षेत्रमा प्रत्यक्ष प्रभाव परेको भन्दै सुरक्षित पूर्वाधार, समयमै सूचना, वैकल्पिक पहुँचमार्ग र प्रभावकारी विपद् तयारी अब विकल्प नभई अनिवार्य आवश्यकता बनेको बताउनुभयो ।

कार्यक्रममा पाटा फाउण्डेसनका अध्यक्ष एन्ड्रयू जोन्सले भोटेकोशी बाढीपछि नेपालको पर्यटन पुनरुत्थानका लागि पाटा फाउन्डेसनको निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले प्रकृतिमा आधारित पर्यटनलाई सहयोग पुऱ्याउन एआई र डिजिटल मिडियाको भूमिका थप महत्वपूर्ण बन्दै गएको बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य प्राडा सञ्जय आचार्य, प्रतिनिधिसभाअन्तर्गतको अन्तरराष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिकी सभापति सुम्निमा उदास, सोही समितिकी सदस्य अनुष्का श्रेष्ठ, प्रतिनिधीसभा सदस्यद्धय डा अर्जुनकुमार कार्की, मिङ्मा ग्याबु शेर्पालगायतले पर्यटन क्षेत्रमा प्रविधिको प्रयोग, रोजगारी संरक्षण, राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमको सुदृढीकरण तथा पर्यटकलाई प्रमाणित र विश्वसनीय सूचना उपलब्ध गराउने विषयमा आआफ्नो धारणा राख्नुभयो ।

कार्यक्रममा गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) नेपालले तीनवटा गाउँलाई ' वर्ष गन्तव्य गाउँ' घोषणा गरेको थियो । घोषित गाउँका प्रतिनिधिलाई मन्त्री पौडेलले प्रमाणपत्र प्रदान गर्नुभएको थियो । ग्रामीण पर्यटन, स्थानीय संस्कृति र समुदायलाई पर्यटनको मूल प्रवाहसँग जोड्ने उद्देश्यले यस्तो पहल गरिएको बोर्डले जनाएको छ । रासस

# पूर्वप्रधान्यायाधीश जबरालाई निवासमै सुरक्षा प्रदान गरिने



काठमाण्डु।पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरालाई सुरक्षा खतरा देखिएकाले उहाँको निवासमै सुरक्षा प्रदान गरिएको नेपाल प्रहरीले स्पष्ट पारेको छ ।

काठमाण्डु उपत्यका अपराध अनुसन्धान कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक सन्तोष खड्काले पूर्वप्रधानन्यायाधीश जबराको सुरक्षा खतराको विषय उठेपछि उहाँलाई सुरक्षा दिएर राखिएको जानकारी दिनुभयो ।

"उहाँको सुरक्षाका विषयमा हामी संवेदनशील थियौँ, केही सुरक्षा खतराको कुरा आयो । प्रहरीको निगरानीमा उहाँलाई सुरक्षा दिएर राखेका थियौँ", खड्काले भन्नुभयो, "उहाँले आफूलाई निवासमा सहज हुने भन्नुभएकाले अब उहाँलाई घरमै सुरक्षा प्रदान गर्छौं ।" सुरक्षा खतरा ठहर भएपछि पूर्वप्रधानन्यायाधीश जबरालाई गएराति सुरक्षित स्थानमा राखिएको प्रहरीले जानकारी दिएको छ । रासस

# होर्मुज जलडमरूमध्य खोल्न इरान आफ्ना सर्तमा अडिग

**एएफपी**

तेहरान । मध्यपूर्वमा जारी युद्ध अन्त्य गर्ने प्रयासस्वरूप होर्मुज जलडमरूमध्य पुनः खोल्ने प्रस्तावलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अस्वीकार गरे पनि इरानले आफ्ना सर्तहरू पूरा नभएसम्म जलडमरूमध्य नखोल्ने अडान दोहोऱ्याएको छ।

विश्वको ऊर्जा आपूर्तिका लागि अत्यन्त महत्वपूर्ण मानिने होर्मुज जलडमरूमध्य अहिले संयुक्त राज्य अमेरिका र इरानबीचको द्वन्द्वको मुख्य केन्द्र बनेको छ । करिब सात महिनाअघि इरानमाथि भएको घातक सैन्य आक्रमणपछि यो द्वन्द्व थप चर्किएको हो ।

इरानी विदेशमन्त्री अब्बास अराघ्चीका अनुसार इरानको प्रस्तावमा लेबनानसहित सम्पूर्ण मध्यपूर्वमा जारी सबै सैन्य गतिविधि अन्त्य गर्नुपर्ने र केही महिनाअघि असफल भएको युद्धविराम सम्झौताका सर्तहरू कार्यान्वयन गर्नुपर्ने माग गरिएको छ।

उक्त सम्झौतामा रोक्का गरिएका इरानी सम्पत्ति फुकुवा गर्ने, इरानी तेलमाथिका प्रतिबन्ध हटाउने र अमेरिकी नौसैनिक नाकाबन्दी अन्त्य गर्ने विषय समावेश थिए।

अराघ्चीले आइतबार इरानका सर्तहरू स्पष्ट रहेको र ती पूरा भएपछि मात्र होर्मुज जलडमरूमध्य खोल्ने प्रक्रिया अघि बढ्ने बताउनुभयो । उहाँले इरान कूटनीति र वार्ताबाट कहिल्यै पछि नहटेको, तर आफ्ना अधिकारबाट पनि पछि नहट्ने बताउनुभयो।

अमेरिकी राष्ट्रपति ट्रम्पले शनिबार युद्धविरामसम्बन्धी प्रस्ताव अस्वीकार गरेको बताउनुभएको थियो । उहाँका अनुसार इरानले जलडमरूमध्य तत्काल खोल्नुपर्ने अवस्थाका कारण सम्झौता गर्न चाहेको हो ।



अराघ्चीका अनुसार अमेरिकी राष्ट्रपतिको प्रारम्भिक प्रतिक्रिया इरानले थाहा पाए पनि मध्यस्थकर्तामार्फत हालसम्म अमेरिकाको औपचारिक धारणा प्राप्त भएको छैन । उहाँले मध्यस्थकर्ताबाट अन्तिम धारणा प्राप्त भएपछि त्यसका आधारमा निर्णय गरिने बताउनुभयो।

**सात दिनमा जलडमरूमध्य खोल्न सकिने इरानको दाबी**

संयुक्त राज्य अमेरिका र इरानले जुन महिनामा युद्ध अन्त्य गर्ने, होर्मुज जलडमरूमध्य खोल्ने र इरानको आणविक कार्यक्रमबारे वार्ता सुरु गर्ने उद्देश्यसहित समझदारीपत्रमा हस्ताक्षर गरेका थिए। तर केही समयपछि उक्त समझदारी भंग भएको थियो।

इरानले स्वीकृत मार्गबाट विचलित भएको आरोप लगाउँदै होर्मुज हुँदै जाने व्यावसायिक पानीजहाजमाथि कारबाही गरेपछि तनाव थप बढेको थियो।

इरानले सुरक्षा र आफ्नो सार्वभौमिकताको कारण देखाउँदै जलडमरूमध्यबाट आवतजावत गर्ने पानीजहाजले अनुमति लिनुपर्ने बताउँदै आएको छ । अनुमति पालना नगर्ने पानीजहाजमाथि नियमित रूपमा कारबाही हुने गरेको छ भने संयुक्त राज्य अमेरिकाले पनि त्यसको जवाफमा इरानी तटीय क्षेत्रमा समय-समयमा हवाई आक्रमण गर्दै आएको छ।

संयुक्त राष्ट्रसंघमा साउदी अरबका विदेशमन्त्री फैसल बिन फरहानले होर्मुज र बाब अल-मन्दबजस्ता महत्वपूर्ण जलमार्ग खुला राख्ने आफ्नो जिम्मेवारी पूरा गर्न अन्तर्राष्ट्रिय समुदाय असफल भएको आरोप लगाउनुभयो।

उहाँले कुनै पनि पक्षले यी महत्वपूर्ण जलमार्गलाई दबाब, धम्की वा अन्य देशको हितमा क्षति पुऱ्याउने माध्यमका रूपमा प्रयोग गर्न नहुने बताउनुभयो । उहाँका अनुसार यी जलमार्ग विश्वव्यापी ऊर्जा सुरक्षाका लागि अत्यन्त महत्वपूर्ण छन्।

रुसका विदेशमन्त्री सर्गेई लाभरोभले पनि आफ्नो देश अन्य जिम्मेवार राष्ट्रसँग मिलेर रणनीतिक रूपमा महत्वपूर्ण यस क्षेत्रमा स्थायित्व कायम गर्न रचनात्मक योगदान दिन तयार रहेको बताउनुभएको छ ।

यसैबीच, इरानी राष्ट्रपति मसुद पेजेस्कियानले संयुक्त राष्ट्रसंघका महासचिव अन्तोनियो गुटेरेससँग भेटवार्ता गर्नुभएको छ। उहाँले इरान वार्ताको टेबलबाट पछि नहटेको तर विगतका अनुभवका कारण संयुक्त राज्य अमेरिकामाथि विश्वास गर्न नसकेको बताउनुभयो।

अराघ्चीका अनुसार इरानले कतारमार्फत संयुक्त राज्य अमेरिकासमक्ष सात दिनको ठोस योजना प्रस्तुत गरेको छ। आवश्यक सर्त पूरा भएमा सात दिनभित्र होर्मुज जलडमरूमध्य पुनः खोल्न र सामान्य समुद्री आवतजावत सुरु गर्न सकिने इरानको भनाइ छ।

उहाँले अब निर्णय गर्ने जिम्मेवारी संयुक्त राज्य अमेरिकाको रहेको बताउँदै इरानले दबाब, धम्की वा डर देखाउने कार्य स्वीकार नगर्ने र दबाबमा आफ्नो सार्वभौम अधिकार त्याग नगर्ने स्पष्ट पार्नुभयो।

इरानी क्रान्तिकारी रक्षक दलका प्रवक्ता होसेन मोहेबीले इरानका सातवटै सर्त पूरा नभएसम्म संयुक्त राज्य अमेरिकाविरुद्धको कारबाही नरोकिने बताउनुभयो।

मोहेबीले यसअघि मंगलबार दिएको अन्तर्वार्तामा यमनमा जारी सैन्य गतिविधि अन्त्य गर्नु पनि तेहरानको मागमध्ये एक रहेको बताउनुभएको थियो।

# विश्व सितोरियो करातेमा नेपाललाई २ स्वर्णसहित ६ पदक




एजेन्सी । जापानमा जारी ११ औं विश्व सितोरियो कराते च्याम्पियनसिपमा नेपाली कराते टोलीले २ स्वर्ण, १ रजत र ३ कांस्यसहित ६ पदक जितेको छ।


नेपालका लागि एरिका गुरुङ र राकेश मानन्धरले स्वर्ण पदक जितेका छन्। एरिकाले महिलातर्फ ६८ केजीभन्दा माथिको तौल समूहमा स्वर्णजित्दा टिम कुमितेमा पनि कांस्य पदक जितिन्। एरिकाले आइतबार भएको फाइनलमा चाइनिज ताइपेकी खेलाडीलाई ८-६ ले हराएकी हुन्। विश्व सितोरियो कराते च्याम्पियनसिपमा एरिकाको यो दोस्रो स्वर्ण पदक हो।

राकेशले पुरुषतर्फ ६० केजीमुनि स्वर्ण जितेका छन्। निरुपा दोङ तामाङले महिलातर्फ ६८ केजीमुनि रजत पदक जितिन्। उनले टिम कुमितेतर्फ पनि कांस्य पदक जितिन्।

मिनबहादुर तामाङले ६७ केजी तौल समूहमा कांस्य जितेका छन्। टिम इभेन्टमा नेपालले थप कांस्य पदक जितेको छ। मेघा लिम्बू, सानुमाया थिङ र एलिशा रास्कोटीले टिम काता र टिम कुमितेमा कांस्य पदक जितेका छन्।नेपाली टोलीको प्रशिक्षकमा कुशल श्रेष्ठ र मन्देकाजी श्रेष्ठ छन्।

# भारतमा बाढी–पहिरोमा ५६ जनाको मृत्यु, उत्तर प्रदेश सबैभन्दा प्रभावित

**एएफपी**



लखनऊ । उत्तरी भारत र नेपालमा पछिल्ला तीन दिनदेखि परेको अविरल वर्षाका कारण आएको बाढी र पहिरोमा परी कम्तीमा ६८ जनाको मृत्यु भएको छ।

भारतको सबैभन्दा बढी जनसङ्ख्या भएको राज्य उत्तर प्रदेशमा तीन दिनयता बाढी र वर्षासम्बन्धी घटनामा ५६ जनाको मृत्यु भएको छ । राहत आयुक्तको कार्यालयका अनुसार एक हजारभन्दा बढी घरमा क्षति पुगेको छ।

यता, गत अगस्ट २६ को विनाशकारी बाढीबाट प्रभावित नेपालमा पुनः बाढी र पहिरोको नयाँ शृङ्खला सुरु भएको छ। नेपालका विपद् व्यवस्थापन अधिकारीका अनुसार बिहीबारयता बाढी तथा पहिरोका घटनामा १२ जनाको मृत्यु भएको छ भने सात जना बेपत्ता छन्।

वैज्ञानिकहरूले हालका वर्षमा दक्षिण एसियामा चरम मौसमी घटनाको आवृत्ति र तीव्रता बढ्दै गएको चेतावनी दिँदै आएका छन्। उनीहरूले यसलाई जलवायु परिवर्तन र बढ्दो तापक्रमसँग जोडेर हेरेका छन्।

गत महिना चीन-नेपाल सीमाक्षेत्रमा हिमनदीसहितको पहाड खस्दा आएको विनाशकारी बाढीमा एक हजार ४०० भन्दाबढी मानिसको मृत्यु भएको थियो भने हजारौँ बेपत्ता भएका थिए।

उत्तर प्रदेशमा जुनदेखि सेप्टेम्बरसम्म रहने मनसुनका बेला हरेक वर्ष भारी वर्षा र आँधीबेहरीका घटना दोहोरिने गर्छन् । अधिकारीका अनुसार बङ्गालको खाडीमा विकसित न्यूनचापीय प्रणालीस्थल भागतर्फ सर्दा वर्षाको तीव्रता बढेको हो, जसका कारण अत्यधिक वर्षा भई मानवीय तथा भौतिक क्षति भएको छ।

राज्यमा शुक्रबारदेखि आइतबारसम्म ६६.५ मिलिमिटर वर्षा मापन गरिएको छ, जबकि यस अवधिको औसत वर्षा ७.६ मिलिमिटर मात्र हुने गर्दछ । भारी वर्षाले कृषिक्षेत्रमा व्यापक असर परेको छ । बालीनालीमा क्षति पुगेपछि किसानले आगामी सिजनको खेती प्रभावित हुने चिन्ता व्यक्त गरेका छन्।

यसैबीच, भारतको पूर्वी राज्य ओडिसामा भारी वर्षाका कारण नदीहरूको जलस्तर बढेपछि तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने ७० हजारभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको छ । पुल तथा कल्भर्टमा क्षति पुगेपछि लोकप्रिय पर्यटकीय गन्तव्य 'देवकुण्ड' पनि अस्थायी रूपमा बन्द गरिएको भारतीय सञ्चारमाध्यमले जनाएका छन्।

लामो गर्मीयामपछि मनसुन सुरु भएसँगै भारतमा हरेक वर्ष बाढी, पहिरो र डुबानजस्ता प्राकृतिक विपद्ले ठूलो जनधनको क्षति पुऱ्याउने गरेको छ।

# बैङ्ककमा भीषण बाढी, हजारौं नागरिक विस्थापित

**एएफपी**

बैंकक। लगातार परेको भारी वर्षापछि थाइल्यान्डको राजधानी बैंककमा व्यापक बाढी आएको छ। बाढीका कारण हजारौं मानिस आश्रयस्थलमा बस्न बाध्य भएका छन् भने घर तथा सडकहरू जलमग्न भएका छन्।

बैंकक महानगर प्रशासनका अनुसार करिब ४ हजार ९ सय जनालाई सुरक्षित स्थानमा सारिएको छ भने ५२ हजारभन्दा बढी घरपरिवार बाढीबाट प्रभावित भएका छन् । बाढीपछि राजधानीका विभिन्न क्षेत्रमा विपद् घोषणा गरिएको छ।

मौसम विभागका अनुसार बिहीबारदेखि आइतबारसम्म बैंककका केही क्षेत्रमा ३३० मिलिमिटरभन्दा बढी वर्षा भएको छ । सेप्टेम्बर थाइल्यान्डमा वर्षायामको उच्च अवधि भए पनि स्थानीय बासिन्दाले यसपटकको बाढी विगतका वर्षभन्दा गम्भीर भएको बताएका छन्।

बैंककको बाहिरी क्षेत्रमा प्रेमप्रचाकोर्न नहरनजिक बस्ने ४४ वर्षीय कार्यालय कर्मचारी कोसिन निलसेटका अनुसार उहाँको घर करिब ३० घण्टासम्म पानीमा डुबेको थियो । उहाँले यसपटक पानीको सतह सन् २०११ को विनाशकारी बाढीभन्दा पनि माथि पुगेको बताउनुभयो।



सन् २०११ मा थाइल्यान्डमा आएको व्यापक बाढीका कारण ५०० भन्दा बढी मानिसको मृत्यु भएको थियो भने लाखौं घरमा क्षति पुगेको थियो।

बैंककका विभिन्न क्षेत्रमा मानिसहरू घुँडासम्म आउने फोहोर पानीमा हिँडिरहेका देखिएका छन्। केहीले प्लास्टिकका टबमा आफ्ना सामान राखेर बाढीको पानीबाट सुरक्षित स्थानतर्फ लगेका थिए।

**आश्रयस्थलमा कठिन अवस्था**

बैंककका नहरहरूमा पानीको सतह अझै उच्च रहेको र पानी निकास तीव्र बनाउन अधिकारीहरूले काम गरिरहेको महानगर प्रशासनले जनाएको छ। आइतबार पनि थप वर्षाको सम्भावना रहे पनि सोमबारदेखि वर्षा क्रमशः कम हुने अनुमान गरिएको छ।

बैंककका गभर्नर चाडचार्ट सिटिपुन्टले बाढी प्रभावित क्षेत्रका बासिन्दालाई अत्यावश्यक कामबाहेक यात्रा नगर्न आग्रह गर्नुभयो। उहाँले शनिबार राति खेहा रोङ्क्लाओ क्षेत्रको अस्थायी आश्रयस्थलको निरीक्षण गर्नुभएको थियो, जहाँ करिब एक हजार जना विस्थापित भएको बताइएको छ।

आश्रयस्थलमा केही मानिस खाट र बेन्चमा आफ्ना कुकुरसहित बसेका थिए भने अन्यले कक्षाकोठाको भुइँमा कम्बल ओछ्याएर रात बिताएका थिए। बाढीका कारण बैंककका सयौं विद्यालय सोमबार बन्द हुने महानगर प्रशासनले जनाएको छ।

बाढीका कारण केही पसलमा अत्यावश्यक सामग्रीको अभावसमेत देखिएको छ। मानिसहरूले आवश्यक सामग्री किन्न हतार गरेपछि केही सुविधा पसलका ऱ्याकहरू खाली भएका थिए। प्रधानमन्त्री कार्यालयले भने सर्वसाधारणलाई आत्तिएर अत्यधिक सामान नकिन्न आग्रह गर्दै कृत्रिम रूपमा मूल्य बढाउनु कानुनविपरीत हुने चेतावनी दिएको छ।

प्रेमप्रचाकोर्न नहरनजिकै बस्ने ५६ वर्षीया थिदारत सिल्सुवानको घर पनि आंशिक रूपमा डुबेको छ । उहाँले दुई दिनदेखि टेबलमाथि सुतिरहेको बताउनुभयो । आश्रयस्थल जानुभन्दा आफ्ना सामान जोगाउने र घर सफा गर्ने प्रयासमा रहेको उहाँले बताउनुभयो।

उहाँले ठूला विद्युतीय उपकरणहरू– फ्रिज र लुगा धुने मेसिन–बचाउन नसकेको र ती बिग्रिएको हुन सक्ने बताउनुभयो।

वैज्ञानिकहरूका अनुसार विश्वव्यापी तापक्रम वृद्धि र जीवाश्म इन्धनबाट हुने उत्सर्जनका कारण अत्यधिक मौसमजन्य घटनाको तीव्रता र आवृत्ति बढ्न सक्ने चेतावनी दिँदै आएका छन्।

# नयाँ एआई मोडलको विकास रोक्दै ओपनएआई, थप सुरक्षा उपायमा जोड

**एपी**

न्युयोर्क । ओपनएआईले आफ्ना पछिल्ला कृत्रिम बुद्धिमत्ता (एआई) मोडलको प्रशिक्षण अस्थायी रूपमा रोकेको जनाएको छ । एआईले अपेक्षा गरिएभन्दा फरक गतिविधि गरेको रिपोर्ट सार्वजनिक भएपछि कम्पनीले यस्तो निर्णय गरेको हो।

कम्पनीले शुक्रबार अमेरिकी संघीय सरकारका वेबसाइटमा एआईबाट भएको केही गतिविधिबारे समीक्षा गरिरहेको जानकारी दिएको थियो। गर्मीयाममा भएका ती घटनामा एआईले सरकारी वेबसाइटबाट सूचना खोज्ने तथा वितरण गर्ने क्रममा दिइएको निर्देशनभन्दा बाहिर गएर अप्रत्याशित व्यवहार गरेको ओपनएआईले जनाएको छ।

यसैबीच, एआई मूल्यांकन संस्था ट्रान्सलुसले




ओपनएआईसँग सम्बन्धित देखिएका केही एआईले अमेरिकी शिक्षा विभागको वेबसाइटमा अनधिकृत रूपमा प्रवेश गर्ने प्रयास गरेको जनाएको छ। उक्त दाबीलाई ओपनएआईले भने पुष्टि गरेको छैन।

ओपनएआईका अनुसार थप सुरक्षा उपायहरू लागू भएकोमा विश्वस्त भएपछि मात्र मोडलको प्रशिक्षण पुनः सुरु गरिनेछ । एआई प्रविधिको विकाससँगै नयाँ चुनौतीहरू देखिन सक्ने भएकाले भविष्यमा पनि प्रशिक्षण अस्थायी रूपमा रोक्नुपर्ने अवस्था आउन सक्ने कम्पनीले जनाएको छ।

एआईले वेबसाइटसँग अन्तरक्रिया गर्ने, सूचना खोज्ने तथा विभिन्न कार्य आफैं सम्पन्न गर्ने क्षमता बढ्दै गएपछि यसको सुरक्षा र नियन्त्रणबारे अमेरिकी सांसद तथा प्रविधि विज्ञहरूले चासो व्यक्त गर्दै आएका छन्।

ओपनएआई र प्रतिद्वन्द्वी एआई कम्पनी एन्थ्रोपिकका प्रमुखहरूले पनि आवश्यक सुरक्षा मापदण्ड तथा नियन्त्रण प्रणाली निर्माण गर्न एआई विकासको गति केही कम गर्नुपर्ने धारणा व्यक्त गरेका छन्।

# दक्षिण अफ्रिकामा दुई छुट्टाछुट्टै गोलीकाण्ड, २७ जनाको मृत्यु

**एएफपी**

जोहानेसबर्ग।दक्षिणअफ्रिकामादुई छुट्टाछुट्टै गोलीकाण्डमा कम्तीमा २७ जनाको मृत्यु भएको छ भने २६ जना घाइते भएका छन्।

जोहानेसबर्गको पश्चिमी क्षेत्रमा रहेको एक बारमा शनिबार राति भएको गोलीकाण्डमा १७ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । घटनामा १५ जना घाइते भएका छन्। प्रहरीका अनुसार मृत्यु हुनेमा १३ पुरुष र चार महिला छन्।

प्रहरीका अनुसार करिब आठ जना बन्दुकधारीले आक्रमण गरेका थिए। उनीहरूले बारमा रहेका केही ग्राहकको तलासी लिएर मोबाइल फोनसमेत लगेपछि दुईवटा पहिचान नखुलेका सवारीसाधनमा फरार भएका थिए। घटना स्थानीय समयअनुसार शनिबार राति करिब ७:३० बजे भएको बताइएको छ।

प्रहरीले आक्रमणको उद्देश्य अहिलेसम्म स्पष्ट नभएको जनाएको छ। फरार हुनुअघि संदिग्धहरूले दुईवटा सवारीसाधनमा आगजनी गरेको प्रहरीले बताएको छ । घटनामा




संलग्नहरूलाई पक्राउ गर्न अनुसन्धानकर्ता तथा विशेष प्रहरी टोली परिचालन गरिएको छ।

यसैबीच, केप टाउनबाहिरको एक टाउनसिपस्थित मनोरञ्जनस्थलमा आइतबार बिहान भएको अर्को गोलीकाण्डमा १० जनाको मृत्यु भएको छ भने ११ जना घाइते भएका छन्।

दक्षिण अफ्रिकामा कानुनी तथा अवैध दुवै प्रकारका हतियारको व्यापक प्रयोग हुने गरेको छ । त्यहाँ गिरोहबीचको विवाद तथा अनौपचारिक व्यवसायमा हुने प्रतिस्पर्धाका कारण गोलीकाण्डका घटना हुने गरेका छन्।

करिब ६ करोड २० लाख जनसंख्या रहेको दक्षिण अफ्रिकामा विश्वकै उच्च हत्या दरमध्ये एक रहेको छ । देशमा दैनिक औसत करिब ६० जनाको हत्या हुने गरेको तथ्यांक उद्धृत गरिएको छ।

यसै वर्षको मार्चमा जोहान्सबर्गका हिंसाग्रस्त क्षेत्रमा अपराध नियन्त्रणका लागि प्रहरीलाई सहयोग गर्न सेना परिचालन गरिएको थियो । राष्ट्रपति सिरिल रामाफोसाले बढ्दो अपराधलाई देशका प्रमुख चुनौतीमध्ये एकका रूपमा वर्णन गर्नुभएको छ।

# क्यानडामा हेलिकोप्टर दुर्घटना, चार जनाको मृत्यु

**सिन्ह्वा**

ओटावा । क्यानडाको क्युबेक प्रान्तमा शनिबार हेलिकोप्टर दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ।

मोन्ट्रियलबाट करिब ५५ किलोमिटर दक्षिणपूर्वमा



रहेको सेन्ट-ब्रिजिड-ड'इबर्भिल क्षेत्रमा दिउँसो करिब २:३० बजे दुर्घटनाको सूचना प्रहरीले प्राप्त गरेको थियो।

दुर्घटनापछि हेलिकोप्टरमा आगलागी भएको थियो। घटनास्थलमा पुगेका उद्धारकर्मीले करिब एक घण्टाभित्र आगो नियन्त्रणमा लिएका थिए । हेलिकोप्टरमा सवार चारै जनाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

प्रारम्भिक अनुसन्धानअनुसार उडान भरेको केही समयमै हेलिकोप्टरमा आकस्मिक समस्या उत्पन्न भएको थियो । त्यसपछि हेलिकोप्टर दुर्घटनामा परेको बताइएको छ।

प्रहरीले दुर्घटनामा परेको हेलिकोप्टरको स्वामित्व, त्यसको प्रस्थान तथा गन्तव्यस्थल र मृतकहरूको पहिचानबारे हालसम्म जानकारी सार्वजनिक गरेको छैन।

दुर्घटनाको विस्तृत अनुसन्धानका लागि क्यानडाको यातायात सुरक्षा बोर्डले अनुसन्धान टोली घटनास्थलमा पठाएको छ।



**डुबानमा परेको सबस्टेशन**ः लगातारको वर्षापछि आइतबार डुबानमा परेको सर्लाहीको मलङ्गवा नगरपालिका-२,स्थितनेपाल विद्युत प्राधिकरण मलङ्गवा वितरण केन्द्रको सबस्टेशन। निकास नहुँदा वर्षातको पानीले सबस्टेसनको कन्ट्रोल प्यानल डुबाउँदा गएराति देखिनै यस क्षेत्रमा विद्युत अवरुद्ध भएको छ। *तस्बिर : सिङ्गबहादुर थापा/रासस*

# ‘हिमालय जोगाउन अन्तरराष्ट्रिय लगानी आवश्यक’

काठमाण्डु । हिमाली क्षेत्रमा बढ्दो जलवायु सङ्कट, जलवायु न्याय र स्वच्छ ऊर्जा उत्पादनको सम्भावना संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा आयोजित जलवायु सप्ताहको एक कार्यक्रममा आयोजना गरिएको छ।

‘फोसिल फ्युल ननप्रोलिफरेसन ट्रिटी इनिसीएटिभ’ले आइतबार आयोजना गरेको कार्यक्रममा नेपालका सञ्चार उद्यमी तथा जलवायु परिवर्तन र स्वच्छ ऊर्जाकी अभियन्ता समृद्धि ज्ञवालीले गत भदौमा भोटेकोशीमा गएको बाढीको घटनालाई हिमाली क्षेत्रमा बढिरहेको जलवायु जोखिमको उदाहरणका रूपमा प्रस्तुत गर्नुभयो।

साथैउहाँलेनेपालकोअनुभवलाई स्वीट्जरल्याण्डको ब्लाटेनमा भएको हिमताल/हिमनदीजन्य विपत्तिसँग तुलना गर्दै जोखिमको पूर्वसूचना, निगरानी, स्रोतसाधन, सीप र प्रविधिको पहुँचमा रहेको



अन्तरले विपत्तिको प्रभाव फरक पार्ने बताउनुभयो। उद्यमी ज्ञवालीले नेपालमा नवीकरणीय ऊर्जा, जलवायु अनुकूल पूर्वाधार तथा क्षेत्रीय ऊर्जा कनेक्टिभिटीमा अन्तरराष्ट्रिय लगानी बढाउनुपर्नेमा जोड दिएको राससलाई जानकारी दिनुभयो।

कार्यक्रममा लेनापे नेसनकी प्रमुख लेना, आयोजक संस्थाका अध्यक्ष तथा जलवायु अभियन्ता ट्जेपोराह बर्मन, केन्याका नवीकरणीय ऊर्जा सचिव डा इसाक किभा, घानाका जलवायु परिवर्तन तथा दिगोपनासम्बन्धी राज्यमन्त्री इसिफु सेइदु र सन् २०२६ की गोल्डम्यान वातावरणीय पुरस्कार विजेता युवेलिस मोरालेस ब्लान्कोलगायतलेजीवाश्मइन्धनमा आधारित ऊर्जाको विस्तार रोक्ने, विद्यमान उत्पादनलाई न्यायपूर्ण ढङ्गले क्रमशः घटाउने तथा प्रभावित समुदाय र मुलुकका लागि न्यायपूर्ण सङ्क्रमण सुनिश्चित गर्न आवश्यक वित्तीय स्रोत उपलब्ध गराउनेलगायत विषयमा धारणा व्यक्त गर्नुभएको थियो। रासस

# फ्लाइ दुबईको पोखरा-दुबई उडान उत्साहजनक



गण्डकी । गत बुधबारदेखि सुरु भएको फ्लाइ दुबईको दुबई-पोखरा-दुबई नियमित उडान शनिबार चौथो दिनमा पनि उत्साहजनक रह्यो। शनिबार साँझ ६:०५ बजे १५६ यात्रुसहित पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अवतरण गरेको फ्लाइ दुबईको जहाजले पोखराबाट ८३ यात्रु लिएर दुबई फर्केको विमानस्थलका सूचना अधिकारी विनोदसिंह रावतले जानकारी दिनुभयो।

यसअघि गति बिहीबार दुबईबाट फ्लाइ दुबईमार्फत १२२ यात्रु पोखरा अतवरण गरेका थिए। पोखराबाट १४३ यात्रु उक्त जहाजबाट दुबई गएका थिए। शुक्रबार भने खराब मौसमका कारण पोखरा-दुबई उडान रद्द भएको थियो। बुधबार पहिलो उडानबाट ११३ यात्रु दुबईबाट पोखरा आएका थिए। फर्कँदा उक्त जहाजले पोखराबाट १५२ यात्रु लिएर गएको थियो।

यस उडानलाई प्रभावकारी र दिगो बनाउन कस्सिएका पोखराका पर्यटन व्यवसायीलगायत सम्बद्ध पक्ष सुरुआतका दिनमा यात्रु सङ्ख्या देखेर उत्साहित छन्। पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठले पोखरा-दुबई उडानको सुरुआती सङ्केत सकारात्मक र उत्साहजनक रहेको बताउनुभयो।

“यात्रुको बुकिङ पनि राम्रो छ, टुर्स एन्ड ट्राभल्स व्यवसायीहरू पनि खुसी हुनुहुन्छ”, उहाँले भन्नुभयो, “यस उडानबाट आउने यात्रुलाई लक्षित गरी होटल, रेष्टुराँले छुट योजना ल्याएका छन्।” फ्लाइ दुबईको हरेक दिन साँझ ६:१५ बजे पोखरा अवतरण र साँझ ७:१५ बजे दुबई प्रस्थानको तालिका रहेको विमानस्थलका सूचना अधिकारी रावतले जानकारी दिनुभयो।

फ्लाइ दुबईले १६५ यात्रु क्षमताको बोइङ ७३७ म्याक्स ८ जहाजबाट दुबई-पोखरा-दुबई उडान सुरु गरेको हो। पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित व्यावसायिक उडान सुरु गर्ने फ्लाइ दुबई पहिलो वायुसेवा कम्पनी हो। यसअघि केही वायुसेवा कम्पनीले पोखराबाट अन्तरराष्ट्रिय चार्टर उडान गरेका थिए।

यो उडान सुरु भएसँगै दुबईलाई ट्रान्जिट बनाएर विश्वका धैरै मुलुकबाट सजिलै पोखरा आउन सकिने भएको छ। यसबाट पोखराको पर्यटन, व्यवसाय, रोजगारी र समग्र आर्थिक गतिविधिका महत्त्वपूर्ण टेवा पुग्ने विश्वास लिइएको छ। सन् २०२३ जनवरीदेखि सञ्चालनमा आएको यस विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय उडान हुनसकेको थिएन।

सरकारले चालु आवको नीति तथा कार्यक्रममा पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षित गर्न कूटनीतिक पहल गर्ने जनाएको केही समयमै फ्लाइ दुबईले उडान सुरु गरेको हो। दुबई-पोखरा-दुबई उडानका लागि गत जेठ २५ गते नेपाल नागरिक उड्डयन प्राधिकरणले फ्लाइ दुबईलाई अनुमति दिएको थियो।

सरकारले अन्तरराष्ट्रिय उडानका लागि वायुसेवा कम्पनीलाई आकर्षित गर्न यस विमानस्थलमा लाग्ने विभिन्न शुल्कमा छुट दिएको छ। विसं २०८५ भदौ मसान्तसम्मका लागि विमानस्थलमा पार्किङ, ल्यान्डिङ र नेभिगेसन शुल्क पूर्ण रूपमा छुट दिइएको छ। यस्तै, ग्राउन्ड ह्यान्डलिङ शुल्कमा ५० प्रतिशत छुट दिने निर्णय सरकारले गरेको छ। रासस

# कोशीमा रोकिएको ठेक्का प्रक्रियाको काम सुरु

विराटनगर । कोशी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले चालु आर्थिक वर्षका लागि रोकिएका विकास निर्माणसँग सम्बन्धित आयोजनाहरूको ठेक्का प्रक्रिया सुचारु गरेको छ।

मन्त्रालयले प्रदेश मातहतका १४ वटै पूर्वाधार विकास कार्यालयहरूलाई परिपत्र गर्दै पहिलो चरणमा अधिकांश योजनाहरूको ठेक्का प्रक्रिया तत्काल अघि बढाउन निर्देशन दिएको हो।

हाल रोकिएका कार्यक्रम तथा आयोजनाहरू दुई चरणमा कार्यान्वयन गर्ने भन्दै मन्त्रालयले बजेट पुस्तिकामा समावेश भएका सम्पूर्ण आयोजनाहरू पहिलो चरणमै कार्यान्वयनमा लैजान निर्देशन दिएको छ।

यसअघि मन्त्रालयले गत भदौ ११ गते पत्र पठाउँदै अर्को व्यवस्था नभएसम्मका लागि नयाँ ठेक्का प्रक्रिया अघि नबढाउन निर्देशन दिएको थियो।

नयाँ सरकार गठन, सत्ता साझेदार दलहरूबीच न्यूनतम साझा कार्यक्रम निर्माणको तयारी तथा बजेट पुनरावलोकनको प्रक्रिया चलिरहेका कारण त्यतिबेला आयोजनाहरूको लागत अनुमान मात्र तयार गर्नेगरी ठेक्कासम्बन्धी काम रोकिएको थियो।

त्यसबाहेक प्रदेशसभाबाट बजेट पारित



हुँदा सरकारको तर्फबाट बजेट पुनरावलोकन गरी सांसदहरुले उठाएका माग सम्बोधन गर्नुपर्ने बाध्यताका कारण ठेक्का रोक्नुपरेको मन्त्रालयले जनाएको छ।।

यसै सन्दर्भमा प्रदेश मुख्यमन्त्री, आर्थिक मामिला तथा योजनामन्त्री र सत्तारुढ दल नेकपाका नेताहरुसमेतका बीचमा राजनीतक सहमति जुटेपछि बजेट कार्यान्वयन प्रक्रिया अघि बढेको भौतिक पूर्वाधार विकास मन्त्रालयले स्पष्ट गरेको छ।

विकास निर्माणका महत्त्वपूर्ण कामहरू लामो समयसम्म रोकेर राख्दा पुँजीगत खर्च प्रभावित हुने, समयमै काम सम्पन्न नहुने र जनअपेक्षामा असर पर्ने निष्कर्षसहित दुई चरणमा योजना कार्यान्वयन गर्ने सहमति भएको हो।

प्रदेशसभामा बजेट पुनरावलोकन गर्ने भनी गरिएको प्रतिबद्धता र सांसदहरूको सरोकारलाई कानुनी उपायको खोजी गरी राजनीतिक सहमतिका आधारमा सम्बोधन गर्ने सहमति जुटेपछि ठेक्का प्रक्रिया अघि बढाइएको भौतिक पूर्वाधार विकासमन्त्री जीवन आचार्यले जानकारी दिनुभयो।

मन्त्रालयको पछिल्लो निर्णयसँगै प्रदेशका १४ वटै जिल्लाका पूर्वाधार विकास कार्यालयमार्फत कार्यान्वयन हुने सडक, पक्की पुल, झोलुङ्गे पुललगायतका योजनाहरूले अब गति लिने छन्।

विवादित, दोहोरिएका वा थप प्राविधिक पुनरावलोकन आवश्यक देखिएका केही आयोजनाहरूलाई भने दोस्रो चरणमा कार्यान्वयन गर्ने गरी मन्त्रालयले छुट्टै विवरण तयार पारेको जनाएको छ। ती आयोजनाहरूको हकमा असोज तेस्रो साता बस्ने पदेशसभा बैठकपछि प्रक्रिया अगाडि बढ्ने बताइएको।

भौतिक पूर्वाधार विकासमन्त्री आचार्यले यसअघि नै पुराना तथा निर्माणाधीन बहुवर्षीय आयोजनाहरू नरोकिने र ती नियमित रूपमा अघि बढ्ने बताउनुभएको थियो। नयाँ आयोजनाका हकमा सरकारले योजनालाई थप प्रभावकारी, पारदर्शी र नतिजामुखी बनाउने उद्देश्यले पुनरावलोकनको बाटो रोजेको थियो।

ठेक्का प्रक्रिया अघि बढेसँगै कोशी प्रदेशमा पूर्वाधार विकासतर्फको योजना कार्यान्वयनमा देखिएको समस्या टरेको छ। जनप्रतिनिधिका मागलाई समेट्दै र प्राविधिक गुणस्तरमा सम्झौता नगरी काम अगाडि बढाउने सरकारी कदमले चालु आर्थिक वर्षको विकास खर्च बढाउन र आयोजनाहरू समयमै सम्पन्न सहयोग पुग्ने भौतिक पूर्वाधार मन्त्रालयले स्पष्ट गरेको छ।रासस

# नेपाल र बेलारुसबीच कूटनीतिक, सरकारी तथा सेवा राहदानीवाहकलाई भिसा छुट दिने सम्झौता

काठमाण्डु । नेपाल र बेलारुसबीच कूटनीतिक, सरकारी तथा सेवा राहदानीवाहकलाई भिसा छुट दिनेसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ।

संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभाका अवसरमा न्युयोर्कमा आयोजित साइडलाइन कार्यक्रममा परराष्ट्रमन्त्री शिशिर खनाल र बेलारुसका परराष्ट्रमन्त्री म्याक्सिम रिजेन्कोभले आ-आफ्ना सरकारका तर्फबाट उक्त सम्झौतामा हस्ताक्षर गर्नुभएको मन्त्रालयले जनाएको छ। सम्झौतामा हस्ताक्षर गर्नुअघि दुवै परराष्ट्रमन्त्रीहरूबीच सौहार्दपूर्ण भेटवार्ता भएको थियो। भेटवार्तामा दुवै देशको आपसी हितसँग सम्बन्धित विविध विषयमा छलफल भएको थियो।

भेटवार्तामा नेपाल-बेलारुस मैत्रीपूर्ण द्विपक्षीय सम्बन्धलाई थप सुदृढ गर्दै श्रम, शिक्षा, व्यापार, लगानी तथा जनस्तरको सम्बन्धलगायतका क्षेत्रमा सहकार्य विस्तार गर्नेप्रतिबद्धता व्यक्त गरिएको थियो। रासस

# वर्षाले नेपाली चलचित्र व्यवसाय प्रभावित

काठमाण्डु । लगातार परेको वर्षाले मुलुकको जनजीवन प्रभावित भएसँगै नेपाली चलचित्रको व्यापार खस्किएको छ। सम्बद्ध व्यवसायीका अनुसार अविरल वर्षाका कारण चलचित्र हलसम्म पुग्ने दर्शकको संख्या घटेसँगै व्यवसाय प्रभावित भएको हो।

मौसम प्रतिकूल भएपछि दर्शक हलसम्म पुग्न नसक्दा प्रदर्शनरत चलचित्र तथा शुक्रबारदेखि प्रदर्शनमा आएका नयाँ चलचित्रको व्यापार अपेक्षित रुपमा नभएको हल सञ्चालकको भनाइ छ।

बङ्गालको खाडीमा विकसित न्यूनचापीय प्रणालीका कारण बुधबारदेखि काठमाडौँ उपत्यकासहित देशका अधिकांश स्थानमा निरन्तर वर्षा भइरहेको छ। यही मौसमकाबीच शुक्रबार तीन नेपाली चलचित्र ‘आचार्य बा : एक योद्धा’ र ‘जदौ’ प्रदर्शनमा आएका थिए। वर्षाका कारण अपेक्षाकृत कम दर्शक देखिएको बताउँदै हल सञ्चालकले देशभर क्रमशः अब मौसम सफा भई दर्शकको उपस्थिति बढ्ने विश्वास व्यक्त गरेका छन्।

विशेषगरी नयाँ चलचित्रका लागि प्रदर्शनको पहिला तीन दिन नै महत्त्वपूर्ण मानिन्छ। तर, चलचित्र हलसम्म पुग्ने वातावरण नै प्रतिकूल बनेपछि नयाँ चलचित्रले अपेक्षित व्यापार गर्न कठिन भएको




सञ्चालकको अनुभव छ।

काठमाडौँको कमलपोखरीस्थित बिग मुभिजका व्यवस्थापक दीपेश शर्माले अहिलेको मुख्य चुनौती फिल्मको ‘कन्टेन्ट’भन्दा पनि दर्शक हलसम्म आउने वातावरण नभएको बताउनुभयो।

“अहिलेको मुख्य चुनौती दर्शक हलसम्म आउने वातावरण नभएको हो । लगातारको वर्षाका कारण दर्शक हलसम्म पुग्न सकिरहेका छैनन्। बिहान र दिउँसोका ‘शो’हरूमा ५० प्रतिशतसम्म हल भरिएका छन् तर साँझ शून्यजस्तै छ। कति स्थानमा ‘हाई अलर्ट’ सूचना जारी भएको हुँदा मानिस बाहिर निक्सन सकिरहेका छैनन्”, शर्माले बताउनुभयो।

चलचित्र ‘बाः एक योद्धा’का निर्देशक हरि लम्सालले फिल्मप्रति दर्शकको चासो हुँदाहुँदै पनि मौसमले असर गरेको बताउनुभयो। उहाँ भन्नुहुन्छ, “रिलिज भएको पहिलो तीन दिन नै दर्शकको उपस्थिति मौसमअनुसार घटबढ भइरहेको छ। पानी रोकिएपछि व्यापारले गति लिनसक्ने हाम्रो अपेक्षा छ।”

यता, वर्षाको प्रभाव नयाँ चलचित्रमा मात्र होइन, अघिल्लो सातादेखि प्रदर्शनरत चलचित्रमा परेको छ। ‘पेन्सन पट्टा’ र ‘बेहुली’ भदौको अन्त्यतिर र ‘भिङ्गेदाउ २’ असोजको सुरुआतमा दर्शक तानिरहेका चलचित्र हुन्।

यस्तै, ‘पार्वती’, ‘तिनीहरू : एलिफेन्ट्स इन द फग’ र ‘गौँथली’ लगायतका चलचित्र पनि हलमा प्रदर्शनरत छन्। तर, पछिल्लो समय आएको लगातार वर्षाले यी चलचित्रको नियमित व्यापारिक गतिलाई असर पारिरहेको देखिन्छ।

चलचित्र ‘पेन्सनपट्टा’का वितरक रोहित कट्टेलले फिल्म ‘रिलिज’को समयमा दर्शकको साथ नै सबैभन्दा महत्वपूर्ण हुने तर, अहिले लगातार पानी परिरहेका कारण मानिस घरबाट बाहिर निस्कन कठिन भएकाले यसको प्रत्यक्ष प्रभाव हलको ‘अकुपेन्सी’मा देखिएको बताउनुभयो। रासस

# फेवातालमा उच्च क्षमताको “जेटस्की” उद्धार डुङ्गा सञ्चालन

कास्की। पोखराको प्रमुख पर्यटकीय गन्तव्य फेवातालमा आपत्कालीन तथा शीघ्र उद्धारका लागि उच्च क्षमताको ‘जेटस्की’ उद्धार बोट (डुङ्गा) सञ्चालनमा ल्याइएको छ। फेवातालमा हुन सक्ने सम्भावित दुर्घटना तथा आपत्कालीन अवस्थामा शीघ्र उद्धार गर्ने उद्देश्यले आजदेखि सञ्चालनमा ल्याइएको उक्त बोट प्रतिघण्टा १०५ किमी गतिमा सञ्चालन हुनछ।

विश्व पर्यटन दिवसको अवसर पारेर उद्धार बोट सञ्चालनमा ल्याइएको हो। संयुक्त अरब इमिरेट्स (युएई)ले विपद् उद्धारका लागि सशस्त्र प्रहरी बललाई उपलब्ध गराएका दुई वटा बोटमध्ये एउटा पोखराको फेवातालमा ल्याइएको सशस्त्र प्रहरी बल, कालिका गण पोखराका गणपति प्रहरी उपरीक्षक वसन्तबहादुर सिंहले




जानकारी दिनुभयो।

उहाँका अनुसार उक्त बोट फेवातालमा स्थापना गरिएको सशस्त्र प्रहरीको रेस्क्यु टावरमा खटिएको सुरक्षा टोलीसँग रहनेछ। पानीमा तीव्र गतिमा आवतजावत, ‘वाटर सर्च’, ‘रेस्क्यु’, आपत्कालीन उद्धार तथा ‘वाटर पेट्रोल’का लागि बोट उपयोगी हुने उहाँले बताउनुभयो।

“फेवातालमा स्थापना गरिएको सशस्त्र प्रहरीको उद्धार टोलीले आवश्यकताअनुसार उक्त बोट प्रयोग गरी उद्धार कार्य गर्नेछ। उच्च गतिमा पानीमा आवतजावत गर्न सक्ने भएकाले दुर्घटना वा आपतकालीन अवस्थामा उद्धार टोलीलाई घटनास्थलमा छिटो पुग्न सहयोग पुग्नेछ”, प्रहरी उपरीक्षक सिंहले भन्नुभयो।

बोटको शुभारम्भ गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले फेवातालमा हुन सक्ने सम्भावित दुर्घटना तथा आपत्कालीन अवस्थामा उद्धार कार्यलाई थप छिटो, सुरक्षित र प्रभावकारी बनाउन उद्धार बोटले महत्वपूर्ण सहयोग पुग्ने बताउनुभयो।रासस

# कमलामा पानीको सतह बढेपछि क्विक रेस्पोन्स टोली परिचालन र माइकिँङ



**टुडे समाचारदाता**

जनकपुरधाम । गत तीन दिनदेखिको अविरल वर्षाका कारण कमला नदीमा पानीको बहाव बढेपछि सम्भावित जोखिमलाई मध्यनजर गर्दै प्रहरीले क्विक रेस्पोन्स टोली परिचालनसँगै आम नागरिकको सुरक्षार्थ सचेतनामूलक माइकिँग नदी तथा आसपासका बस्तीमा गर्न थालेका छन् ।

कमला नदीमा बाढी तथा डुबानको जोखिमलाई मध्यनजर गर्दै सशस्त्र प्रहरी बल धनुषाले उद्धार तथा तत्काल प्रतिक्रिया (क्विक रेस्पोन्स) का लागि विशेष टोली परिचालन गरेको छ ।

कमला नदी र आसपासका तटीय क्षेत्रमा हुन सक्ने सम्भावित विपद्का घटनामा तत्काल उद्धार तथा राहत कार्य सञ्चालन गर्न रबर बोटसहितको सशस्त्र प्रहरीको टोली तयारी अवस्थामा राखिएको हो ।

नदीमा पानीको सतह बढ्न सक्ने र आसपासका बस्ती प्रभावित हुनसक्ने अवस्थालाई ध्यानमा राख्दै सशस्त्र प्रहरीले आवश्यक उद्धार सामग्रीसहित जनशक्ति परिचालन गरेको जनाएको छ । टोलीले कमला नदी आसपासका संवेदनशील तथा जोखिमयुक्त क्षेत्रमा निगरानी गर्नुका साथै बाढी वा डुबानका कारण सर्वसाधारण समस्यामा परे तत्काल उद्धारमा खटिनेछ ।

क्विक रेस्पोन्स टोली परिचालनसँगै नदी किनार तथा तटीय क्षेत्रमा बसोबास गर्ने स्थानीयवासीलाई उच्च सतर्कता अपनाउन प्रहरीले आग्रह गरेको छ । नदीमा पानीको सतह बढिरहेकाले जोखिमयुक्त क्षेत्रमा नजान तथा आवश्यक सावधानी अपनाउन माइकिङमार्फत जानकारी गराइरहेको छ ।

प्रहरी टोलीले स्थानीयवासीलाई सम्भावित बाढी तथा डुबानबाट सुरक्षित रहन, बालबालिका तथा ज्येष्ठ नागरिकलाई विशेष ध्यान दिन र जोखिमको अवस्था देखिए सुरक्षित स्थानतर्फ जान आग्रह गरेको छ ।

अविरल वर्षा भइरहेकाले कमला नदी आसपासका बस्तीमा थप जोखिम हुनसक्ने भन्दै स्थानीय प्रशासन तथा सुरक्षा निकायले नदीको अवस्था निरन्तर निगरानी गरिरहेको जनाइएको छ ।

# बजेट कटौतीबीच भीभीआईपीका नाममा साढे ३ करोडको गाडी किनिँदै

**श्रम तथा यातायात मन्त्रालयका सचिव रञ्जित यादवले मुख्यमन्त्री कार्यालयको निर्देशनअनुसार भीभीआईपीका लागि सवारीसाधन खरिद गर्न टेण्डर आह्वान गरिएको बताएका छन् । उनका अनुसार उक्त गाडी प्रदेशमा आउने राष्ट्रपति, प्रधानमन्त्रीलगायत अति विशिष्ट व्यक्तिको प्रयोगका लागि राखिनेछ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले खर्च कटौती गर्दै सरकारी सवारीसाधन खरिदमा रोक लगाएको अवस्थामा मुख्यमन्त्री कार्यालयका लागि करिब ३ करोड ५० लाख रुपैयाँको विलासी गाडी खरिद प्रक्रिया अघि बढाएको छ ।




प्रदेशको बजेट ७ अर्ब रुपैयाँभन्दा बढी घाटामा रहेको भन्दै अर्थ मन्त्रालयले चालु आर्थिक वर्षको बजेट कार्यान्वयनमा विभिन्न शीर्षकमा कटौती तथा रोक लगाएको छ। त्यही निर्णयका बीच श्रम तथा यातायात मन्त्रालयले 'अति विशिष्ट व्यक्ति' (भीभीआईपी) को प्रयोजनका लागि भन्दै महँगो चारपांग्रे सवारीसाधन खरिद गर्न बोलपत्र आह्वान गरेको हो ।

मन्त्रालयले गत भदौ २५ गते ३ करोड ५० लाख रुपैयाँको लागतमा सवारीसाधन खरिदका लागि टेण्डर निकालेको जनाएको छ। टेण्डर सार्वजनिक भएसँगै आर्थिक दबाबमा रहेको प्रदेश सरकारले करोडौँ रुपैयाँ एउटै गाडीमा खर्च गर्न लागेको भन्दै यसको आवश्यकता र औचित्यमाथि प्रश्न उठ्न थालेको छ ।

मधेश प्रदेशको बजेट कार्यान्वयनसम्बन्धी निर्देशिकामार्फत अर्थ मन्त्रालयले विभिन्न ४४ शीर्षकमा २० प्रतिशतदेखि ७५ प्रतिशतसम्म खर्च कटौती गरेको छ। सवारीसाधन खरिद तथा मेशिनरी औजार खरिद वा भाडामा लिनेसम्बन्धी खर्चमा शतप्रतिशत रोक लगाइएको उल्लेख छ ।

यस्तै, भत्ता, सञ्चार शुल्क तथा विशिष्ट व्यक्ति र प्रतिनिधिमण्डलको भ्रमण खर्चमा २० प्रतिशत कटौती गरिएको छ। सीप विकास, योजना तथा तालिम-गोष्ठी, विभिन्न संस्थालाई दिइने सशर्त अनुदान, वन तथा वातावरण संरक्षण र भैपरी आउने खर्चमा समेत ५० प्रतिशत रोक लगाइएको छ। पूँजीगत अनुसन्धान तथा परामर्श खर्चमा ७५ प्रतिशत कटौती गरिएको छ। तर यही खर्च नियन्त्रणको नीतिबीच भीभीआईपी प्रयोजनका लागि साढे ३ करोड रुपैयाँको गाडी खरिद प्रक्रिया अघि बढाइएको हो ।

श्रम तथा यातायात मन्त्रालयका सचिव रञ्जित यादवले मुख्यमन्त्री कार्यालयको निर्देशनअनुसार भीभीआईपीका लागि सवारीसाधन खरिद गर्न टेण्डर आह्वान गरिएको बताएका छन् । उनका अनुसार उक्त गाडी प्रदेशमा आउने राष्ट्रपति, प्रधानमन्त्रीलगायत अति विशिष्ट व्यक्तिको प्रयोगका लागि राखिनेछ ।

सवारीसाधन खरिदमा रोक लगाइएको अवस्थामा यति महँगो गाडी किन खरिद गर्न लागिएको भन्ने प्रश्नमा सचिव यादवले बजेटमा शीर्षक व्यवस्था भएअनुसार प्रक्रिया अघि बढाइएको बताए ।

प्रदेशमा राष्ट्रपति वा प्रधानमन्त्रीजस्ता भीभीआईपी वर्षमा सीमित पटक मात्रै आउने अवस्थामा बाँकी समयमा उक्त सवारी कसले प्रयोग गर्ने भन्ने प्रश्नमा भने उनले त्यसको जवाफ मुख्यमन्त्रीसँग लिनुपर्ने बताए ।

सवारीसाधन खरिदमा रोक लगाइसकेको अर्थ मन्त्रालयले नै उक्त गाडी खरिदका लागि सहमति दिएको विषय पनि प्रश्नको घेरामा परेको छ ।

अर्थ मन्त्रालयका प्रवक्ता जयकुमार राउतले सामान्यरूपमा मन्त्रालय तथा मातहतका निकायका लागि सवारीसाधन खरिदमा रोक लगाइएको भए पनि भीभीआईपीका लागि गाडी आवश्यक रहेको माग आएपछि सहमति दिइएको बताए ।

तर बजेट खर्चसम्बन्धी निर्देशिकामा मुख्यमन्त्रीका लागि बढीमा करिब डेढ करोड रुपैयाँसम्मको सवारीसाधन खरिद गर्न सकिने व्यवस्था रहेको अवस्थामा ३ करोड ५० लाख रुपैयाँको गाडी खरिद गर्न लागिएको विषयमा थप प्रश्न उठेको छ ।

भीभीआईपीका लागि सवारी खरिद गर्ने छुट्टै व्यवस्था निर्देशिकामा नरहेको विषयमा प्रवक्ता राउतले मन्त्रिपरिषद्बाट निर्णय भएको आधारमा प्रक्रिया अघि बढाइएको बताए ।

प्रदेशको आम्दानी र खर्चबीचको असन्तुलन बढ्दै गएको भन्दै सरकारले विभिन्न विकास तथा प्रशासनिक कार्यक्रमको बजेट कटौती गरिरहेको छ। कतिपय शीर्षकमा खर्च रोक्का नै गरिएको छ ।

यस्तो अवस्थामा सामान्य प्रशासनिक प्रयोजनभन्दा विशेष व्यक्तिको आवागमनलाई आधार बनाएर एउटै सवारीसाधनमा साढे ३ करोड रुपैयाँ खर्च गर्ने निर्णयले सरकारको खर्च प्राथमिकतामाथि बहस सिर्जना गरेको छ । मुख्यमन्त्री कार्यालयले आफै गाडी खरीदका लागि आफै टेण्डर आह्वान गर्न सक्ने अवस्थामा यातायात मन्त्रालयबाट किन खरीद गर्न लगाइएको हो भन्नेमा प्रश्न उब्जाएको छ ।

सवारी खरिद प्रक्रिया सार्वजनिक भएपछि मुख्यमन्त्री कार्यालय, अर्थ मन्त्रालय र श्रम तथा यातायात मन्त्रालयबीचको समन्वय तथा निर्णय प्रक्रियामाथि समेत प्रश्न उठेका छन् । यद्यपि सम्बन्धित अधिकारीहरूले भने खरिद प्रक्रिया सरकारको निर्णय र स्वीकृत बजेट शीर्षकका आधारमा अघि बढाइएको बताएका छन् ।

आम्दानीको स्रोत सीमित र बजेट कार्यान्वयनमा खर्च कटौती गर्नुपर्ने अवस्थामा रहेको प्रदेश सरकारले भीभीआईपीका नाममा गर्न लागेको यो खरिद अन्ततः कति आवश्यक र मितव्ययी हुन्छ भन्ने विषय अब सार्वजनिक चासोको विषय बनेको छ ।

# बाढीको पानीले महोत्तरीका विभिन्न स्थान प्रभावित

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम–जलेश्वर सडक खण्ड महोत्तरीको पिपरा-पर्सास्थित कुट्मेश्वरी पुलमा पानीको बहाव अत्यधिक बढेपछि सो सडकखण्डमा जोखिम बढेको छ ।

पानीको बहाव बढेसँगै सम्भावित जोखिमलाई मध्यनजर गर्दै हुलाकी सडक आयोजनाको टोलीले पुल तथा सडकखण्डको स्थलगत निगरानी गरिरहेको छ । टोलीले आवश्यकता अनुसार तत्काल काम गर्ने र सडकको अवस्थाबारे निरन्तर अनुगमन गरिरहेको जनाएको छ ।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले कुट्मेश्वरी पुल आसपासको पानीको बहाव बढेकाले सडक प्रयोगकर्तालाई विशेष सावधानी अपनाउन आग्रह गरेका छन् । उनले सडक अवरुद्ध हुने वा आवागमनमा समस्या आउन सक्ने अवस्थालाई ध्यानमा राखी सम्बन्धित निकायलाई तयारी अवस्थामा रहन निर्देशन दिइएको बताएका छन् ।

प्रमुख जिल्ला अधिकारी यादवका अनुसार पानीको बहाव र सडकको अवस्था निरन्तर निगरानीमा राखिएको छ । अवस्था प्रतिकूल भएमा आवश्यक सुरक्षा तथा व्यवस्थापनका उपाय तत्काल अपनाइने उनले बताए ।

प्रशासनले जलेश्वर-जनकपुर सडकखण्ड हुँदै आवतजावत गर्ने यात्रु तथा सवारी चालकलाई पुल र नदी आसपासको अवस्था बुझेर मात्र यात्रा गर्न तथा जोखिमपूर्ण अवस्थामा जबर्जस्ती सडक पार नगर्न आग्रह गरेको छ ।



यस्तै जिल्लाको बर्दिबास नगरपालिका-९ पतलैयामा रातु खोलाको बाढी बस्ती नजिकसम्म पुगेपछि स्थानीयस्तरमा सतर्कता बढाइएको छ । खोलामा आएको बाढीका कारण जोखिम बढ्न सक्ने भन्दै सम्बन्धित सुरक्षा निकाय तथा स्थानीय टोलीहरूलाई स्थलगत रूपमा परिचालन गरिएको छ ।

टोलीहरूले बाढीको अवस्था र सम्भावित जोखिम क्षेत्रको अनुगमन गरिरहेका छन् । बाढी बस्ती नजिकसम्म आइपुगेकाले स्थानीयवासीलाई नदी तथा खोलाको किनारतर्फ नजान र सम्भावित जोखिमलाई मध्यनजर गर्दै सुरक्षित स्थानमा रहन आग्रह गरिएको छ ।

यस्तै जिल्लाको महोत्तरी गाउँपालिकामा समेत रातो नदीमा आएको कारण सो पालिकाको बन्चौरीदेखि डाम्हीकट्टी टोल आउने छडकीमा केही भागमा कटान गरेकाले डाम्हीको सुखी चौरी र पुर्नी पोखरी चौरीको धानबाली नष्ट भएको छ भने टोलमा रहेका फुसको घरमा क्षति पुगेको बताइएको छ ।

# बिटौरी तिरेकै आधारमा सरकारी जग्गामा निजी हक अधिकार हुँदैन

**टुडे समाचारदाता**

जनकपुरधाम । स्थानीय तहलाई 'बिटौरी' शुल्क तिरकै आधारमा वा वर्षौंदेखि सरकारी, सार्वजनिक, पर्ती वा ऐलानी जग्गामा व्यक्तिको निजी स्वामित्व वा स्थायी भोगाधिकार स्थापित नहुने सर्वोच्च अदालतले स्पष्ट गरेको छ ।




महोत्तरीको गौशाला नगरपालिका-५ का बृजनन्दन ठाकुर बडहीले करिब चार दशकदेखि घर बनाएर बसोबास गर्दै आएको जग्गामा आफ्नो भोगाधिकार कायम हुनुपर्ने मागसहित दायर गरेको मुद्दामा सर्वोच्च अदालतले यस्तो व्याख्या गरेको हो ।

ठाकुरले कित्ता नम्बर ११५ अन्तर्गतको करिब १० धुर जग्गामा लामो समयदेखि घर बनाई परिवारसहित बसोबास गर्नुका साथै पसल सञ्चालन गर्दै आएको दाबी गरेका थिए। २०२४ सालको नापीमा उक्त जग्गामा कुनै व्यक्तिको नाम कायम नभए पनि आफूले स्थानीय निकायलाई नियमित रूपमा बिटौरी बुझाउँदै आएको उनको जिकिर थियो ।

तर अदालतले बिटौरीलाई जग्गाको स्वामित्व स्थापित गर्ने प्रकृतिको कर मान्न नमिल्ने ठहर गरेको छ। सार्वजनिक वा पर्ती जग्गामा संरचना निर्माण गरी उपयोग गरेबापत स्थानीय तहले लिने शुल्क र जग्गाको स्वामित्वसँग सम्बन्धित मालपोत कर फरक विषय भएको सर्वोच्चको फैसलामा उल्लेख छ । न्यायाधीशद्वय हरिप्रसाद फुयाल र टेकप्रसाद ढुङ्गानाको संयुक्त इजलासले २०८३ साउन २७ गते गरेको फैसलाको पूर्णपाठ हालै सार्वजनिक भएको हो । इजलासले जिल्ला र उच्च अदालतबाट भएको फैसला सदर गर्दै ठाकुरको दाबी अस्वीकार गरेको हो ।

फैसलामा सरकारी जग्गामा लामो समयदेखि बसोबास गरेको, सरकारी निकायलाई शुल्क बुझाएको वा सरकारी सुविधासमेत प्राप्त गरेको आधारबाट मात्र व्यक्तिको निजी हक सिर्जना नहुने स्पष्ट पारिएको छ। शौचालय निर्माणका लागि अनुदान प्राप्त गरेको वा सरसफाइसम्बन्धी परिचयपत्र पाएको अवस्थाले पनि त्यस्तो जग्गामाथि कानुनी स्वामित्व वा स्थायी भोगाधिकार कायम नहुने अदालतको भनाइ छ ।

सर्वोच्चको यो व्याख्याले सार्वजनिक तथा ऐलानी जग्गामा लामो समयदेखि बसोबास गर्दै आएका परिवारको हकसम्बन्धी विवादमा समेत प्रभाव पार्न सक्ने देखिएको छ। विशेषगरी स्थानीय तहबाट बिटौरी बुझेर बसोबास गरेको आधारमा जग्गामाथि अधिकार दाबी गरिँदै आएका घटनामा फैसलाले कानुनी आधार स्पष्ट गरेको छ ।

यद्यपि सार्वजनिक जग्गा खाली गराउँदा भूमिहीन वा सुकुम्बासी परिवार प्रभावित हुने अवस्था भए राज्यले आवासको हकलाई ध्यानमा राख्दै मानवीय दृष्टिकोणबाट उपयुक्त वा वैकल्पिक व्यवस्थापन गर्न सक्ने सर्वोच्चले उल्लेख गरेको छ ।

गौशाला क्षेत्रमा सार्वजनिक तथा ऐलानी जग्गामा लामो समयदेखि बसोबास गर्दै आएका परिवारको व्यवस्थापन र लालपुर्जाको मागलाई लिएर यसअघि पनि विवाद तथा आन्दोलन हुँदै आएका थिए। स्थानीय बासिन्दाले विगतमा तत्कालीन स्थानीय निकायबाट बिटौरी काटेर बसोबास गर्न दिइएको दाबी गर्दै जग्गाधनी प्रमाणपुर्जाको मागसमेत गर्दै आएका छन् ।

# पहिरो जाँदा घरमा पुरिएर एक महिलाको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका-११ आँपगाछीमा अविरल वर्षाका कारण पहिरो खस्दा घर पुरिएर एक महिलाको मृत्यु भएको छ ।



पहिरोमा परी स्थानीय राजन श्रेष्ठको एकतले टालीको छानो भएको घर पुरिँदा उनको श्रीमति कमला श्रेष्ठको मृत्यु भएको धनुषा प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार आइतबार बिहान करिब ९:१० बजे घर पहिरोले पुरिएको सूचना प्राप्त भएपछि इलाका प्रहरी कार्यालय ढल्केवर तथा मातहत र इलाका प्रहरी कार्यालय भिमान, सिन्धुलीबाट संयुक्त प्रहरी टोली घटनास्थलमा खटिएको थियो ।

प्रहरी टोलीले घरमा रहेका पाँच जनामध्ये चार जनालाई सकुशल उद्धार गरेको थियो । उद्धारका क्रममा कमला श्रेष्ठलाई भने बिहान ११ बजे मृत अवस्थामा निकालिएको प्रहरीले जनाएको छ । मृतक श्रेष्ठको शव परीक्षणका लागि सरकारी अस्पताल बर्दिबास महोत्तरी पठाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक ओमप्रकाश खनालले अविरल वर्षाका कारण पहाडी तथा नदी आसपासका क्षेत्रमा जोखिम बढेकाले स्थानीयलाई उच्च सतर्कता अपनाउन आग्रह गरेका छन् । उनका अनुसार घटनाबारे थप आवश्यक अनुसन्धान तथा उद्धारसम्बन्धी कार्य भइरहेको छ ।






**खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऔं**

- खाद्य पदार्थ खरिद गर्नुअघि उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रुपमा जाँच गरौं,
- म्याद नाघेका, सडेगलेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभाग नगरौं,
- प्याकेजिङ च्यातिएको, फुलेको वा क्षतिग्रस्त अवस्थामा रहेको खाद्य पदार्थ खरिद/बिक्री नगरौं,
- शंकास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं,
- मिठाई, मासु, दुधजन्य तथा छिट्टै बिग्रने खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऔं,
- स्वच्छ तथा सफा पानीको प्रयोग गरौं,
- गुणस्तरहीन वा म्याद नाघेका खाद्य पदार्थ बिक्री/वितरण भएको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८